# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ३२२ | काठमाडौं | आइतबार, ०८ चैत २०८२ | Prabhab National Daily | Sunday, 22 March 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**पिनासका लक्षणहरू:**

- नाक बन्द हुनु, नाकबाट श्वास फेर्न गाह्रो हुनु र टाउको दुख्नु,
- आँखाको अगाडी र तलको भाग दुख्नु,
- नाकको छेउछाउ र अनुहार छोएपछि दुख्नु,
- विहानको समयमा टाउको बढी दुख्नु,
- सुँघ्ने शक्ति कमजोर हुनु,
- नाकबाट बाक्लो, पहेँलो सिँगान बग्नु,
- थकान महसुस हुनु, टाउको भारी र शरीर आलस्य हुनु आदी ।

लक्षण देखिएमा नजिकको स्वास्थ्य चौकिमा जाँच गराऔं ।

नेपाल सरकार




इस्लाम धर्मावलम्बीहरूको पर्व ईद-उल-फित्रको अवसरमा शनिबार विराटनगर महानगरपालिका-१३ स्थित इदगाहमा सामूहिक प्रार्थना गर्दै मुस्लिम समुदाय । *तस्बिरः रासस*

# निर्वाचनमा बालअधिकार उल्लंघन

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रतिनिधिसभा सदस्य निर्वाचनमा बालअधिकार उल्लंघन भएको अध्ययनले देखाएको छ । बालअधिकारसम्बन्धी निर्वाचन आचारसंहिता कार्यान्वयन अध्ययन प्रतिवेदनले निर्वाचनअघि र निर्वाचनपछि ३५० उल्लंघनका घटना दर्ता भएको देखाएको हो ।

बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान नेपाल (सिजप) ले आफ्ना सदस्य संस्थाबाट गरिएको स्थलगत अवलोकन, प्रादेशिक सञ्जालबाट प्राप्त प्रतिवेदन, सञ्चारमाध्यमको निगरानी तथा 'डिजिटल प्लेटफर्म'को अनुगमनका आधारमा निर्वाचनअघि बालबालिकासम्बन्धी २८६ घटना दर्ता भएका जनाएको छ । निर्वाचनपछि १९ घटना भएका प्रतिवेदनमा उल्लेख छ ।

निर्वाचन प्रचारका क्रममा रौतहटको इशनाथ नगरपालिका-४ मठियाटोलमा गत माघ २२ गते एकजना चार वर्षीया बालिकाको गाडीको ठक्करबाट मृत्यु भएको थियो । धनुषा जिल्ला मिथिला नगरपालिका-९ मा फागुन १९ गते पुलमाथि राखिएको शंकास्पद वस्तु विष्फोट हुँदा १५ वर्षीया बालिका आशा भुजेल र आठ वर्षीय बालक सुशील माझी घाइते भएका थिए । पाँचथरको फिदिम र कास्कीको अन्नपूर्ण गाउँपालिकाको विद्यालयमा निर्वाचनअघि सुरक्षा निकायले हतियारसहित प्रवेश गरेको घटना पनि दर्ता भएको थियो ।

> “ विद्यालय पोसाकमै विद्यार्थीहरूलाई जुलुसमा सहभागी गराउने, राजनीतिक नेताहरूले विद्यालय भ्रमण गर्ने, विद्यालय नजिक चुनावी कार्यक्रम सञ्चालन हुने र बस प्रयोग हुनेजस्ता गतिविधिले विद्यालयलाई बालमैत्री र राजनीतिकरूपमा तटस्थ स्थान बनाउन चुनौती

अध्ययनले निर्वाचनपूर्व राजनीतिक प्रचारप्रसारमा बालबालिकालाई झण्डा र चिहृन बोकेर जुलुस तथा आमसभामा सहभागी गराउने, राजनीतिक नाराहरू लगाउने, प्रचार सामग्री वितरण गर्ने, राजनीतिक पोसाक लगाउने, गीत तथा नृत्य कार्यक्रममा भाग लिन लगाउनेजस्ता गतिविधिहरू गरिएको थियो । कतिपय घटनामा बालबालिकामार्फत प्रचार भिडियो र सामाजिक सञ्जाल सामग्री निर्माण गरी मत माग्ने वा विशेष दलको समर्थन गर्ने सन्देश सम्प्रेषण गरिएको प्रतिवेदनमा उल्लेख छ ।

विद्यालय पोसाकमै विद्यार्थीहरूलाई जुलुसमा सहभागी गराउने, राजनीतिक नेताहरूले विद्यालय भ्रमण गर्ने, विद्यालय नजिक चुनावी

क्रमशः पृष्ठ २ मा

सरकारको 'सुशासन मार्गचित्र'

# भ्रष्टाचार नियन्त्रण गर्न अख्तियारको नयाँ ढाँचा प्रस्ताव

- अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखापरीक्षक र राष्ट्रिय सतर्कता केन्द्रजस्ता निकायहरूलाई राजनीतिक प्रभावबाट मुक्त गरी स्वायत्त र सक्षम बनाउनुपर्ने
- भ्रष्टाचारमा संलग्न व्यक्तिमाथि निष्पक्ष अनुसन्धान र कडा कारबाही सुनिश्चित गर्नुपर्नेमा जोड
- मौजुदा भ्रष्टाचारसम्बन्धी ऐनमै व्यापक सुधार गर्नुपर्ने सुझाव
- सेवा प्रवाहलाई सरल र झण्झटमुक्त बनाउने दिशामा डिजिटल प्रविधिको प्रयोग विस्तार गर्न सिफारिस




■ **जेबी योञ्जन**

**काठमाडौं–** राज्यका प्रमुख निकायहरूमा व्यापक संरचनागत, नीतिगत र प्रविधिमूलक सुधारको खाका 'सुशासन मार्गचित्र'ले अघि सारेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको शासकीय मामिला क्षेत्र हेर्ने सचिव गोविन्दबहादुर कार्की संयोजकत्वमा गठित समितिले तयार पारेको मार्गचित्रमा सबैभन्दा पहिले भ्रष्टाचार नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने आवश्यकता औंल्याएको छ ।

त्यसका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखापरीक्षक र राष्ट्रिय सतर्कता केन्द्रजस्ता निकायहरूलाई राजनीतिक प्रभावबाट मुक्त गरी स्वायत्त र सक्षम बनाउनुपर्ने उल्लेख छ । साथै, भ्रष्टाचारमा संलग्न व्यक्तिमाथि निष्पक्ष अनुसन्धान र कडा कारबाही सुनिश्चित गर्नुपर्नेमा जोड दिइएको समितिका सदस्यसचिव तथा प्रधानमन्त्री कार्यालयका सहसचिव भीष्मकुमार भुसालले बताए । उनका अनुसार मौजुदा भ्रष्टाचारसम्बन्धी ऐनमै व्यापक सुधार गर्नुपर्ने सुझाव पनि समेटिएको छ ।

उनले प्रभावसँग भने, 'अहिलेको भ्रष्टाचार नियन्त्रण ऐन नै सुधार गर्नुपर्छ भन्ने समितिको सुझाव छ । अख्तियारजस्तो संरचनामा विज्ञहरूको टोलीसहितको स्वतन्त्र संयन्त्र आवश्यक देखिन्छ ।' भ्रष्टाचारको अनुसन्धान र अभियोजन छुट्टाछुट्टै संयन्त्रबाट सञ्चालन गर्दा स्वार्थको द्वन्द्व कम हुने र प्रभावकारिता बढ्ने अपेक्षा गरिएको उनी बताउँछन् । प्रतिवेदनले सार्वजनिक निकायहरूमा आन्तरिक लेखापरीक्षण, वित्तीय नियन्त्रण र जोखिममा आधारित अनुगमन प्रणाली सुदृढ गर्नुपर्ने पनि औंल्याएको छ । नियुक्ति र पदोन्नतिलाई पूर्णरूपमा मेरिट र प्रतिस्पर्धामा आधारित बनाउने तथा सेवा प्रवाहलाई सरल र झण्झटमुक्त बनाउने दिशामा डिजिटल प्रविधिको प्रयोग विस्तार गर्नुपर्ने सिफारिस गरिएको छ ।



> अहिलेको भ्रष्टाचार नियन्त्रण ऐन नै सुधार गर्नुपर्छ भन्ने समितिको सुझाव छ । अख्तियारजस्तो संरचनामा विज्ञहरूको टोलीसहितको स्वतन्त्र संयन्त्र आवश्यक देखिन्छ ।
>
> **भीष्मकुमार भुसाल**
> सहसचिव, प्रधानमन्त्री कार्यालय

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# कम्बोडियामा रोजगारीको प्रलोभनमा फस्ने क्रम बढ्यो

- पछिल्लो १० दिनमामात्र ६० जना नेपालीको उद्धार
- चालु आर्थिक वर्षमामात्रै २०० भन्दा बढीलाई फर्काइयो
- आकर्षक रोजगारीको प्रलोभनमा परेर भिजिट भिसामा कम्बोडिया गएकाहरूलाई लगाइन्छ गैरकानुनी काम
- थाइल्याण्डस्थित नेपाली दूतावासले उद्धार गरेर फिर्ता पठाउँदै

■ **ममता थापा**



**काठमाडौं–** रोजगारीको प्रलोभनमा कम्बोडियामा पठाएर गैरकानुनी काममा लगाइएका नेपालीको संख्या बढ्न थालेको छ । भिजिट भिसामा कम्बोडिया पुऱ्याएइकाहरू अवैधानिक काममा संलग्न हुने क्रम बढेसँगै थाइल्याण्डस्थित नेपाली दूतावासले उद्धार गरेर धमाधम फिर्ता पठाइरहेको छ ।

कम्बोडियाको पर्यटनसँग सम्बन्धित तथ्यांकअनुसार सन् २०२१ यता त्यहाँ जाने नेपालीको संख्या बर्सेनि बढेको पाइन्छ । सन् २०२१ मा १०१ जना नेपाली भ्रमण भिसामा उक्त मुलुक गएका थिए । त्यसपछि २०२२ मा एक हजार ९७७ गएको तथ्यांक छ । त्यस्तै, सन् २०२३ मा दुई हजार ९४०, २०२४ मा छ हजार ४०४ र २०२५ मा नौ हजार ६७६ जना गएको पाइन्छ ।

भिजिट भिसामा जाने बढेसँगै गिरोहको फन्दामा पर्ने पनि बढेको पाइन्छ । बैंककस्थित नेपाली दूतावासले पछिल्लो १० दिनमामात्र ६० जना नेपालीलाई फर्काइसकेको छ । चालु आर्थिक वर्षमामात्रै २०० भन्दा बढीलाई फर्काइएको दूतावासको तथ्यांक छ । यसरी अलपत्र परेकाहरू अन्य पनि रहेकाले फर्काउने पहल भइरहेको जनाइएको छ । आर्थिक वर्ष २०८०/८१ मा ६८ जना र २०८१/८२ मा १५६ जनाको उद्धार भएको थियो ।

यसरी गएकाहरूलाई गिरोहले अवैधानिकरूपमा सञ्चालन गरिएका अनलाइन स्क्यामिङ केन्द्र, डेटिङ तथा फिसिङ, अनलाइन क्यासिनो, क्रिप्टो ठगीलगायतमा लगाउने गरेको पाइएको छ । दूतावासका अनुसार आकर्षक रोजगारीको प्रलोभनमा फस्नेहरूमा सामाजिक सञ्जाल तथा सूचना प्रविधिको राम्रो जानकारी भएकाहरूसमेत पर्ने गरेका छन् । उनीहरू साथीभाइ तथा अनलाइन साथी, पब्जीलगायतका गेम खेल्ने साथी, सामाजिक सञ्जालको विज्ञापन आदिको माध्यमबाट त्यहाँ पुगेको देखिएको छ ।

गिरोहले भाइबर, ह्वाटएप, टिकटक, टेलिग्राम, मेसेञ्जरलगायतको प्रगोगबाट युवाहरूलाई फसाएको देखिन्छ ।

क्रमशः पृष्ठ २ मा

# मध्यपूर्वमा समस्यामा परेका नेपालीको सहयोगमा जुट्दै एनआरएनए

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** गैरआवासीय नेपाली संघ (एनआरएनए)ले मध्यपूर्वमा युद्धका कारण समस्यामा परेका नेपालीहरूको तत्काल उद्धारका लागि समन्वय गर्ने भएको छ । संघको १२औं महाधिवेशनबाट निर्वाचित डा. हेमराज शर्मा नेतृत्वको कार्यसमितिले उक्त कार्ययोजना अघि सारेको हो ।

नवनिर्वाचित कार्यसमितिको पहिलो बैठकले समस्यामा परेका नेपालीहरूको तत्काल उद्धारका लागि आवश्यक कदम चाल्न त्यहाँस्थित कूटनीतिक नियोग तथा राजदूतवाससँग समन्वय गर्ने निर्णय गरेको संघले जानकारी दिएको छ । उक्त कार्यमा संघको सम्बन्धित मुलुकस्थित राष्ट्रिय समन्वय परिषद्सँग आवश्यक सहकार्य गरिने जनाएको छ ।

यसैगरी वैदेशिक रोजगारीमा रहेका तथा फर्केका नेपालीहरूको सुरक्षा, राहत, उद्धार, स्वास्थ्य उपचार, कानुनी सहयोग तथा पुनर्स्थापना सुनिश्चित गर्न वैदेशिक रोजगारी कल्याणकारी कोषलाई यस कार्यकाल अवधिमा १० करोड रूपैयाँ पुऱ्याउने लक्ष्य निर्धारण गरिएको पनि संघले जानकारी दिएको छ । 'सदस्य शुल्कबापत प्रतिसदस्य एक अमेरिकी डलर अनिवार्य जम्मा गर्ने र बाँकी रकम जुटाउन दाताहरू तथा सदस्यहरूसँग समन्वय गरी रणनीति कार्यान्वयन गर्ने,' संघले सार्वजनिक गरेको कार्ययोजनामा उल्लेख छ । साथै, सोही बैठकबाट संघका पदाधिकारीहरू, सदस्यहरू तथा उपस्थित प्रतिनिधिहरूबाट स्वेच्छिक योगदानमार्फत एक करोड रूपैयाँ संकलन गरिएको संघले जनाएको छ ।

संघको कार्ययोजनामा देशमा आकस्मिक मृत्यु, दुर्घटना वा अन्य विपद्मा परेका श्रमिकका परिवारलाई कानुनी सहयोग उपलब्ध गराउन तथा श्रमिकको समस्याको सम्बोधनका लागि काठमाडौं सचिवालयमा छुट्टै कर्मचारीको व्यवस्था गर्ने विषयसमेत समेटिएको छ । 'गन्तव्य मुलुकका कानुनी व्यवस्था, सुरक्षा, स्वास्थ्य, अधिकार, कर्तव्य तथा रोजगारसम्बन्धी जानकारी प्रदान गर्न प्रत्येक महिना संघको सचिवालयबाट अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ । साथै, विदेशमा रहेका नेपालीहरूको क्षमता र दक्षताको अभिलेख तयार गरी उनीहरू स्वदेश फर्केपछि रोजगार सुनिश्चित गर्न सम्बन्धित सरोकारवाला संस्थासँग सहकार्य गरिने छ,' कार्ययोजनामा उल्लेख छ ।

यसैगरी वैदेशिक रोजगारमा रहेका श्रमिकहरूका लागि मानसिक स्वास्थ्यसम्बन्धी परामर्श कार्यक्रम नियमितरूपमा सञ्चालन गर्ने बुँदासमेत संघको कार्ययोजनामा छ ।




# अध्यक्षको राजीनामा मागदै अपांग महासंघमा तालाबन्दी

■ प्रभाव संवाददाता




**काठमाडौं–** अध्यक्ष देवीदत्त आचार्यले भ्रष्टाचार र कुशासनको दलदलमा राष्ट्रिय अपांग महासंघ नेपाललाई फसाएको भन्दै वरिष्ठ उपाध्यक्ष राम कार्की, उपाध्यक्ष अनिता घिमिरे र महासचिव सगुम भट्टराईले महासंघको केन्द्रीय कार्यालयसहित देशका सातवटै प्रदेश कार्यालयमा अनिश्चितकालीन तालाबन्दी गरेका छन् ।

यी तीन पदाधिकारीले अध्यक्ष आचार्यलाई स्वेच्छाचारी शैलीमा संस्था सञ्चालन गरेको आरोप लगाएका छन् । यसबाहेक साढे तीन वर्षदेखि महाधिवेशन नगर्ने, साधारणसभा नबोलाउने र विधानविपरीत एकलौटी ढंगले संस्था सञ्चालन गर्ने प्रवृत्ति अध्यक्ष आचार्यको देखिएको भन्दै यस्तो गम्भीर कदम चाल्नुपरेको बताएका छन् ।

विज्ञप्तिमा भनेका छन्, 'नेतृत्वको अधिनायकवादी प्रवृत्तिका कारण संस्थाको गरिमा जोगाउन हामी महासंघको केन्द्रीय कार्यालयमा र सातवटै प्रदेश कार्यालयमा अनिश्चितकालीन तालाबन्दी गर्न बाध्य भएका छौं ।'

आन्दोलनरत पक्षले वर्तमान नेतृत्वले लोकतान्त्रिक प्रक्रियाबाट समस्या समाधान खोज्नुको सट्टा धम्कीपूर्ण गतिविधि गरेको आरोप पनि लगाएको छ । उनीहरूका अनुसार वार्ताको वातावरण बनाउनुको सट्टा बल प्रयोग र प्रशासनलाई प्रभावमा पारेर आन्दोलन दबाउने प्रयास भइरहेको छ । अध्यक्ष आचार्यको नेतृत्वमा महाधिवेशन हुँदा निष्पक्ष हुनेमा पनि उनीहरू सशंकित देखिएका छन् । 'वर्तमान नेतृत्वको मातहतमा निष्पक्ष महाधिवेशन सम्भव नरहेको हाम्रो ठहर छ,' विज्ञप्तिमा छ ।

यसैबीच, चैत ५ गते प्रहरी र स्थानीय जनप्रतिनिधिको उपस्थितिमा अध्यक्ष पक्ष र आन्दोलनरत समूहबीच भएको सहमति उल्लंघन भएको आरोप लगाइएको छ । सहमतिअनुसार चैत ८ गते आज जिल्ला प्रशासन कार्यालयमा वार्ता गर्ने र त्यसअघि दुवै पक्षले कार्यालयमा उपस्थिति नजनाउने भनिएको थियो । तर, उपाध्यक्ष राम कार्कीका अनुसार अध्यक्ष पक्षले उक्त सहमतिविपरीत काठमाडौं बाहिरबाट मानिस ल्याई रातोपुलस्थित कार्यालयमा ताला फोड्ने प्रयास गरेको छ ।

त्यस्तै, भृकुटीमण्डपस्थित कार्यालयमा पनि ताला काट्न लगाइएको आरोप लगाउँदै यस्तो कार्य 'आपराधिक मनसाययुक्त' भएको उनीहरूको दाबी छ । जिल्ला प्रशासन कार्यालयले निष्पक्ष भूमिका निर्वाह नगरी एकपक्षीय रूपमा प्रहरी प्रयोग गरी ताला खोल्न मौखिक निर्देशन दिएको भन्दै आन्दोलनकारीले आपत्ति जनाएका छन् ।

नेतृत्वमाथि आर्थिक अनियमितताको आरोप पनि लगाएका छन् । विगतका दुई साधारणसभामा करिब १५ लाख रूपैयाँभन्दा बढी अनियमितता भएको छानबिन समितिले औंल्याएको र सो रकम असुल गर्न सिफारिस गरिएको उल्लेख गर्दै त्यसबारे कुनै कारबाही नभएको गुनासो गरेका छन् ।

अध्यक्ष आचार्यले संस्थाको स्रोतसाधन निजी प्रयोजनमा प्रयोग गरेको, महत्त्वपूर्ण कागजात लुकाइएको र माइन्युट कीर्ते गरेको आरोप पनि विज्ञप्तिमा उल्लेख छ । यसबाहेक निर्वाचन प्रक्रियामासमेत बदमासी गरेको आरोप छ । विधानअनुसार नवीकरण गर्न पाउनुपर्ने सदस्य संस्थाहरूलाई वञ्चित गरिएको, समयमै निर्वाचन समिति गठन नगरी चुनावको सूचना जारी गरिएको र बहुमत नपुगेको बैठकबाट निर्णय गरिएको जस्ता विषयहरू उठाइएको छ । महासचिव भट्टराईका अनुसार यी सबै कार्यहरू निष्पक्ष प्रतिस्पर्धा रोक्ने र संस्था कब्जा गर्ने सुनियोजित प्रयास हुन् ।

आन्दोलनकारीहरूले समस्या समाधानका लागि स्पष्ट मागहरू अघि सारेका छन् । उनीहरूले अध्यक्षले नैतिक आधारमा तत्काल राजीनामा दिनुपर्ने, जिल्ला प्रशासन कार्यालय काठमाडौंको पहलमा सबै पक्ष समेटिने स्वतन्त्र तदर्थ समिति गठन गर्नुपर्ने र सोही समितिमार्फत निष्पक्ष महाधिवेशन गराउनुपर्ने माग गरेका छन् । आर्थिक अनियमितताबारे निष्पक्ष छानबिन गर्न पनि माग गरिएको छ ।

आन्दोलनरत पक्षले वार्ता र संवादमार्फत समाधान खोज्न आफूहरू प्रतिबद्ध रहेको जनाए पनि बल प्रयोग गरिएमा आन्दोलन थप सशक्त बनाउने चेतावनी दिएको छ । 'वार्ताको वातावरण नबनाई प्रशासनको आडमा बल प्रयोग गरिएमा हामी देशव्यापी आन्दोलनमा जान बाध्य हुनेछौं,' विज्ञप्तिमा भनिएको छ ।

महासंघ देशभरका ५०० भन्दा बढी अपांगता भएका व्यक्तिहरूका संस्थाहरूको छाता संगठन भएकाले यसमा देखिएको विवादले अपांगता अधिकार आन्दोलनमासमेत गम्भीर असर पार्ने चिन्ता व्यक्त गरिएको छ । आन्दोलनकारीहरूले संस्थाको गरिमा जोगाउन र अधिकार सुनिश्चित गर्न सबै सरोकारवालालाई ऐक्यबद्धता जनाउन आह्वान गरेका छन् ।

## हिउँमा फसेका २५० यात्रुको उद्धार

**बागलुङ (प्रस)-** भारी हिमपातका कारण अवरुद्ध मध्यपहाडी लोकमार्गमा फसेका यात्रुको उद्धार गरिएको छ । बागलुङ र पूर्वी रुकुमको सिमाना पातिहाल्नेमा शुक्रबार रातिदेखि परेको भारी हिमपातका कारण फसेका २२० भन्दा बढी यात्रुको उद्धार गरिएको हो ।

नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीसहित डोजरको प्रयाग गरी सडक खुलाएर यात्रुको उद्धार गरिएको पूर्वी रुकुमका सहायक प्रमुख जिल्ला अधिकारी समिर गौतमले जानकारी दिए । उनका अनुसार सातवटा बस, १० वटा मोटरसाइकल र एउटा जिपमा रहेका यात्रु समस्यामा परेका थिए ।

सहायक प्रमुख जिल्ला अधिकारी गौतमले दुई जिल्लाको सिमाना क्षेत्रको करिब तीन किलोमिटर सडकको हिउँ पन्छाएर सडक खुलाएको र अब मौसम हेरेरमात्रै यात्रा गर्न आग्रह गरे । उनले भने, 'शुक्रबार साँझदेखि नै हिमपात भएको थियो, बिहानसम्म हिउँले सडक अवरुद्ध भयो । हामीले त्यो खबर पाउनासाथ भूमे गाउँपालिकाको मेसिन लिएर सुरक्षाकर्मीसहित खटेका थियौं, सडक खुलाएर यात्रु पनि गन्तव्यतिर लागेका छन् ।'

इलाका प्रहरी कार्यालय बुर्तिबाङका प्रमुख प्रहरी निरीक्षक तिलक मानन्धरले बागलुङ खण्डमा हिउँ परे पनि यातायात नरोकिएको बताए । काठमाडौं, पोखरालगायतका स्थानबाट रुकुम, रोल्पा, जाजरकोट, डोल्पा, सल्यान, दैलेखलगायत स्थानमा पुग्ने सवारीसाधनलाई सडकको अवस्था बुझेरमात्रै यात्रा गर्न भनिएको उनले जानकारी दिए ।

पृष्ठ १ बाट क्रमशः

## भ्रष्टाचार नियन्त्रण...

सुशासन मार्गचित्रले न्याय प्रणालीलाई पनि व्यापक पुनर्संरचना गर्नुपर्ने सुझाएको छ । न्याय सम्पादनमा हुने ढिलाइ, उच्च अदालती खर्च र निर्णय कार्यान्वयनमा कमजोरीका कारण नागरिकको न्यायप्रति विश्वास कमजोर बन्दै गएको मार्गचित्रमा छ ।

हालै मुख्यसचिव सुमनराज अर्याललाई बुझाएको सुशासन मार्गचित्र प्रतिवेदनमा न्यायाधीश नियुक्तिमा पारदर्शिता र मेरिट प्रणाली कमजोर हुनु, अदालत प्रशासनमा बिचौलियाको प्रभाव र न्यायिक सुशासनसम्बन्धी चुनौतीहरू प्रमुख समस्या बनेका उल्लेख गरिएको छ । त्यसलाई सुधार गर्न न्यायाधीश नियुक्ति प्रक्रियालाई पूर्णरूपमा पारदर्शी र योग्यता आधारित बनाउनुपर्ने सिफारिस गरिएको छ ।

यसैगरी, न्याय परिषद्को संरचनामा सुधार गरी राजनीतिक प्रभाव घटाउने, न्यायाधीशहरूको कार्यसम्पादन मूल्यांकन प्रणाली विकास गर्ने र अदालतहरूमा विशिष्टीकृत बेञ्च स्थापना गर्ने प्रस्ताव गरिएको छ । न्यायिक प्रणालीलाई संस्थागतरूपमा बलियो बनाउन यी उपायहरू अत्यावश्यक रहेको समितिको निष्कर्ष छ ।

मार्गचित्रमा सुरक्षा निकायहरूमा पनि सुधारको आवश्यकता औंल्याइएको छ । नेपाल प्रहरी र सशस्त्र प्रहरीबीच कार्यक्षेत्र स्पष्ट नभएको, सरुवा-बढुवा प्रणालीमा पारदर्शिता अभाव रहेको र राजनीतिक हस्तक्षेपका कारण कमाण्ड संरचना कमजोर बनेको भनिएको छ । भुसालका अनुसार मार्गचित्रमा भनिएको छ, 'प्रहरी र सशस्त्र प्रहरीको सांगठनिक पुनर्संरचना, कर्मचारी व्यवस्थापनमा मेरिटोक्रेसीको प्रवर्द्धन तथा राजनीतिक हस्तक्षेपमुक्त कमाण्ड संरचना कायम गर्नुपर्छ ।'

निजामती प्रशासन सुधारका लागि नयाँ निजामती ऐन ल्याउने, दरबन्दीको वैज्ञानिक पुनरावलोकन गर्ने र उपयुक्त स्थानमा योग्य व्यक्तिको नियुक्ति सुनिश्चित गर्नुपर्ने सिफारिस गरिएको छ । सुशासन मार्गचित्रको अर्को महत्त्वपूर्ण पक्ष डिजिटल रूपान्तरण हो । प्रतिवेदनले ई-गभर्नेन्स विस्तार गर्दै नागरिक सेवाहरूलाई अनलाइन प्रणालीमार्फत सरल, पारदर्शी र पहुँचयोग्य बनाउनुपर्नेमा जोड दिएको छ ।

यसअन्तर्गत नागरिकता आवेदन, राष्ट्रिय परिचयपत्र, सवारी चालक अनुमतिपत्रजस्ता सेवाहरूलाई एकीकृत डिजिटल प्रणालीमा लैजाने प्रस्ताव गरिएको छ । क्युआर कोडयुक्त डिजिटल लाइसेन्स र विभिन्न सेवाहरूबीच अन्तरसम्बन्ध स्थापना गर्ने योजना पनि समेटिएको छ ।

वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूका लागि छुट्टै श्रम स्वीकृति लिनुपर्ने र अध्ययनका लागि विदेश जाने विद्यार्थीहरूले 'नो अब्जेक्सन लेटर' लिनुपर्ने प्रावधान हटाउन सिफारिस गरिएको छ, जसले सेवा प्रक्रियालाई झण्झटमुक्त बनाउने अपेक्षा गरिएको छ । यसबाहेक संघ-प्रदेश-स्थानीय तहबीच समन्वय संयन्त्रलाई सक्रिय बनाउने, अन्तरसरकारी समानान्तर संरचनाहरू खारेज गर्ने, प्रदेश सरकारमा मन्त्रालयको संख्या घटाउने, स्थानीय सरकारलाई झण्झटमुक्त, प्रविधिमैत्री र नागरिकमुखी शासन प्रणालीतर्फ रूपान्तरण गर्नेदेखि कर प्रशासनलाई पूर्णडिजिटलाइज गर्ने विषय मार्गचित्रको प्रतिवेदनमा उल्लेख छ ।

सार्वजनिक-निजी साझेदारी प्रणाली बलियो बनाउँदै ठूला पूर्वाधार परियोजनामा निजी लगानी परिचालन गर्ने, जोखिमयुक्त तथा रुग्ण सहकारीलाई सबल संस्थासँग गाभ्नुपर्ने, सहकारीको लगानी घरजग्गा र सेयर बजारमा प्रवाह गर्न दिन नहुने, निरन्तर घाटामा रहेका सार्वजनिक संस्थानहरूको पुनर्संरचना, मर्जर वा निजीकरण गर्ने र विद्यालय तहदेखि नै सदाचार र नैतिक शिक्षामार्फत सामाजिक सोचमा परिवर्तन ल्याउनुपर्ने पनि भनिएको छ ।

रणनीतिक सडक, पुललगायत महत्त्वपूर्ण पूर्वाधार आयोजनाको निर्माण, स्तरोन्नति तथा मर्मत गर्न वार्षिक कार्यतालिका नै तयार गरी कार्यान्वयन गर्ने, खेतीयोग्य सार्वजनिक भूमिको पहिचान गरी तुलनात्मक लाभ भएका बालीमा आधारित कृषि उद्योग स्थापना गर्न लिज प्रणालीमार्फत उपयोग गर्ने विषय पनि प्रतिवेदनमा राखिएको सहसचिव भुसालले बताए । उनका अनुसार मुख्यसचिव अर्यालले अब नयाँ सरकारलाई उक्त मार्गचित्र हस्तान्तरण गर्ने छन् । यसलाई 'गभर्नेन्स ब्लु प्रिन्ट' पनि भनिएको छ ।

गत भदौ २३ र २४ गते सुशासन र भ्रष्टाचार नियन्त्रणको मूल एजेण्डा अघि सारेर जेन-जीहरूले विद्रोह गरेका थिए । सोही विद्रोहको जगमा गठित नागरिक सरकार र जेन-जीबीच देशमा सुशासन कायम गर्न र भ्रष्टाचार नियन्त्रण गर्न भन्दै सुशासन मार्गचित्र गठन गर्ने सहमति भएको थियो । सोहीअनुसार गत १४ पुसमा सचिव कार्कीको संयोजकत्वमा सुशासन मार्गचित्र तयार गर्नेगरी समिति गठन भएको थियो । समितिका एक जना सदस्य रहेका जेन-जी अगुवा रिजन थापा मगर सुशासन मार्गचित्र कोशेढुंगा नै भएको बताए । आगामी सरकारले कार्यान्वयन गर्ने विश्वास राख्दै भने, 'यो मार्गचित्र कार्यान्वयनमा आगामी सरकार इमानदार भए नवयुवाहरूले फेरि-फेरि विद्रोह गर्नु पर्दैन ।'

■■■

## निर्वाचनमा...

कार्यक्रम सञ्चालन हुने र बस प्रयोग हुनेजस्ता गतिविधिले विद्यालयलाई बालमैत्री र राजनीतिकरूपमा तटस्थ स्थान बनाउन चुनौती पुऱ्याएको अध्ययनले देखाएको छ । अभियानका अध्यक्ष तिलोत्तम पौडेलका अनुसार यस्ता क्रियाकलापले निर्वाचन आचारसंहिताको प्रत्यक्ष उल्लंघन गरेका छन् ।

अभिभावकले बालबालिकामार्फत मत माग्ने भिडियो बनाउने, सामाजिक सञ्जालका प्रभावशाली व्यक्तिहरूले बालबालिकालाई राजनीतिक सामग्रीमा प्रयोग गर्ने, बालबालिकाले राजनीतिक सन्देश दोहोऱ्याउने वा प्रतिस्पर्धी दलको आलोचना गर्ने र भिडियो सामग्रीबाट आर्थिक लाभ उठाउने जस्ता गतिविधिले बालबालिकालाई जोखिममा राखेको प्रतिवेदनले औंल्याएको छ ।

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका उपसचिव दुर्गाप्रसाद चालिसेले चुनावमा मतदान अधिकृत रूपमा भूमिका निभाउँदै गर्दा बालबालिकाको दुरूपयोगको अवस्था कम गर्न सकिएको बताउँदै सरोकारवाला निकायको सहकार्य र खबरदारीका कारण यो सम्भव भएको बताए । राष्ट्रिय बालअधिकार परिषद्का कार्यक्रम संयोजक श्रीराम अधिकारीले बालबालिकाकोदुरूपयोग रोक्न कानुनीरूपमा नै कडा व्यवस्था ल्याउनुपर्ने बताए ।

राष्ट्रिय मानवअधिकार आयोगका खिमानन्द बस्यालले विगतको निर्वाचनको तुलनामा यसपालिको निर्वाचनको समयमा बालबालिकाको दुरूपयोग केही कम भए पनि सुधारका धेरै काम बाँकी रहेको बताए ।

निर्वाचन आयोगले केही उल्लंघनको सम्बन्धमा कारबाही गरेको थियो । श्रम संस्कृति पार्टीलाई दफा १३ को उपदफा (१) को खण्ड (घ) उल्लंघन गरेकोमा २५ हजार रूपैयाँ जरिवाना गरेको छ । जाजरकोट क्षेत्र नं १ का उम्मेदवार शक्तिबहादुर बस्नेतलाई पनि समान प्रावधान उल्लंघन गरेकोमा रु २५ हजार जरिवाना गरिएको आयोगले जनाएको छ । निर्वाचनअघिको तुलनामा मतदानको दिन बालबालिकासम्बन्धी प्रत्यक्ष उल्लंघनका घटना न्यून देखिएका थिए । मतदान केन्द्रको रूपमा विद्यालय भवनको व्यापक प्रयोगसम्बन्धी संरचनात्मक चुनौती देखापरेको छ । देशभरका १० हजार ९६७ मतदानस्थलमध्ये करिब नौ हजार ४५० विद्यालयमा स्थापना गरिएको थियो ।

अध्ययनले राजनीतिक दल, राज्य निकाय, समुदाय र परिवार सबैको जिम्मेवार भूमिका आवश्यक रहेको सुझाएको छ । राजनीतिक दललाई चुनावी अभियान, जुलुस, प्रचार सामग्री तथा डिजिटल सामग्रीमा बालबालिकालाई प्रयोग नगर्न, बालअधिकारको सम्मान गर्दै बालमैत्री चुनावी अभ्यास अपनाउन र विद्यालय तथा बालबालिका केन्द्रित स्थानमा चुनावी गतिविधि नगर्न सिफारिस गरिएको छ ।

प्रतिवेदनले निर्वाचन आयोगलाई बालबालिकाको प्रयोग निषेध गर्ने आचारसंहिताको प्रभावकारी अनुगमन, मतदाता शिक्षा कार्यक्रममा बालअधिकार सचेतना समावेश, सरकार र नीति निर्मातालाई कानुनी प्रावधान सुदृढ गर्ने, डिजिटल माध्यममा बालबालिकाको राजनीतिक प्रयोग रोक्न निर्देशिका बनाउन सुझाव दिएको छ ।

■■■

## कम्बोडियामा...

मेसेजमार्फत विभिन्न कार्यालय, कल सेन्टर, कम्प्युटर अपरेटर, रिसेप्सनिस्टलगायतका काममा एक लाख रूपैयाँभन्दा बढी कमाइन्छ भनेर प्रलोभनमा पारिएको पीडितले बताउने गरेका छन् ।

दूतावासले जनाएअनुसार युवाहरूलाई स्क्यामिङ केन्द्रमा पुऱ्याइएपछि केही महिना सजिला कामहरूमा लगाउने र त्यसपछि कामको निश्चित लक्ष्य दिइन्छ । उक्त लक्ष्य पूरा गर्न नसके अपराधको दोष लगाएर आर्थिक तथा शारीरिक शोषण गर्ने, बन्धक बनाइ फिरौती माग्ने, जेल पठाउनेदेखि हत्यासम्म गर्ने गरेको भेटिएको छ । सो कामबाट निस्कने खोज्ने व्यक्तिले त्यही काममा अर्को व्यक्ति नल्याएसम्म छोड्न नदिने गरेको पीडितहरूले बताएका छन् ।

कम्बोडिया, थाइल्याण्ड, म्यान्मार, लाओसजस्ता मुलुकको स्क्यामिङ केन्द्रहरूमा नेपालीलगायत विभिन्न मुलुकका व्यक्तिहरू अलपत्र पर्न थालेपछि सो क्षेत्रमा रोजगारीको प्रलोभनमा परी नजान दूतावासले अनुरोध गर्दै आएको छ । यी मुलुकहरूमा रोजगारीका लागि संस्थागत माध्यमबाट श्रमिक गएको पाइँदैन । आव २०८०/८१ मा १४६ र २०८१/८२ मा १६२ जना व्यक्तिगत श्रम स्वीकृति लिएर यी चार मुलुकमा गएको वैदेशिक रोजगार विभागको तथ्यांक छ । यो संख्या श्रम स्वीकृति नवीकरण गरेर जानेसहितको हो । विदेशको फरक छुट्याउन नसक्दा गिरोहको फन्दामा

युवाहरू कस्तो मुलुकमा जाँदै छु भन्ने भेद छुट्याउन नसक्दा समस्या आएको श्रमविद् रामेश्वर नेपाल बताउँछन् । यस्ता युवाको पहिचान गरेर प्रलोभन पार्नेहरूले फसाउने गरेको उनको भनाइ छ ।

'गल्फ जाने होइन, कम्बोडिया पो जाने भनेर युरोप नै जान खोजेको जसरी लिइन्छ । विदेश भन्ने चिजको फरक छुट्याउन नसक्दा यस्तो भइरहेको छ,' उनले भने, 'यस्ता मान्छेलाई संगठित समूहले पहिचान गर्ने, प्रलोभनमा पार्ने भइरहेको छ । यो मानव बेचबिखनको केस हो ।' केही वर्षअघि अन्य मुलुकमा सक्रिय भएको गिरोह पछिल्लो समय एसियाका मुलुकहरूमा प्रवेश गरेको उनले बताए । यसको मूल गिरोहसम्म पुग्न प्रभावकारी अनुसन्धान नहुँदा युवाहरू फस्ने क्रम जारी रहेको उनको भनाइ छ ।

'केही वर्ष अगाडि यो सञ्जालले अफ्रिकाको घाना, केन्यातिर नेपालबाट महिलाहरू लग्थ्यो । अहिले त्यता सर्भिलियन्स बढ्यो । त्यसपछि भिजिट भिसामा जान सकिने म्यानमार, कम्बोडियातिर आएको छ,' उनले भने, 'यो उच्च ओहोदाको मान्छेले या उच्च ओहोदाको संरक्षणमा सञ्चालन भइरहेको छ । यो जालोको पछाडि अनुसन्धान राम्रो भइरहेको छैन ।'


**माइग्रेसन हरायो**

मिति २०८२ /११/२० गते पथरी देखि विराटनगरसम्म जाँदा मेरो निम्न व्यहरूोरा माइग्रेसन सर्टिफिकेट हरूराएको हरूँदा फेला पार्नुहरूने महरूानुभावले नजिकको प्रहरूरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हरूुन अनुरोध गर्दछु ।

**नाम : जयबहरूादुर बोहरूोरा**
**रजिष्ट्रेसन नं.** : H.A-3342-008
**माइग्रेसन सिम्बोल नं** : 19643
**ठेगाना** : उर्लाबारी, मोरङ
**सम्पर्क नं.** 9852042064



**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६४/०३/२७ मा दर्ता कायम भएको **सत्य शिवम् मनि ट्रान्सफर प्रा.लि.** (प्रा.लि.नं. ४६७९३/२०६३/०६४) लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८२/१२/०५ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ/लिक्विडेटर**
**इजाजत पत्र नं. ४०४/फोन नं.९८५१२१७००४**



**सुदूरपश्चिम प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**टीकापुर अस्पताल**
**टीकापुर कैलाली, नेपाल**

**बोलपत्र प्रकाशित सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२/१२/०८**

यस अस्पतालको तपसिल बमोजिमको कार्यको लागि विद्युतीय बोलपत्र (NCB/GOODS) सम्बन्धी प्रकाशित सूचनाको विस्तृत विवरण यस अस्पतालको वेबसाइट www.tikapurhospital.gov.np र http://www.bolpatra.gov. np/egp मा अपलोड गरिएको बिड डकुमेन्टमा राखिएको व्यहरूोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

| S. N. | Contract Identification Number | Description of Work | Bid Security (NRS) | Bid Document Price(NRS) | Remarks |
|---|---|---|---|---|---|
| 1. | TH/KAILALI/ NCB/GOODS/ 10/2082-083 | The Procurement, Supply, Delivery and Installation of Viscoelastic test analyzer | 1,65,000/- | 3000/- | Hard Copy Not Acceptable |

**प्र.मे.सु.**
**टीकापुर अस्पताल, कैलाली**

# जातीय विभेद अन्त्यका लागि सहकार्यमा जोड




■ प्रभाव संवाददाता

**काठमाडौं–** जातीय विभेद अन्त्यका लागि सरकार र समाजका सबै पक्षको सहकार्य आवश्यक रहेकोमा सरोकारवालाहरूले जोड दिएका छन् । शनिबार ६१औं अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवसका अवसरमा यहाँ आयोजित कार्यक्रममा बोल्ने वक्ताहरूले सो कुरा बताएका हुन् ।

कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले नेपालमा विद्यमान जातीय विभेद उन्मूलन गर्न आयोग दृढतापूर्वक सक्रिय रहेको बताए । उनले जातीय विभेद अन्त्यका लागि केवल कानुन निर्माणमात्र पर्याप्त नभई त्यसको प्रभावकारी कार्यान्वयन अत्यावश्यक रहेकामा जोड दिए ।

राष्ट्रिय दलित आयोग तथा विभिन्न दलित अधिकारकर्मी संघसंस्थाको संयुक्त आयोजनामा सम्पन्न उक्त कार्यक्रममा अध्यक्ष मगरले राज्यका निकायहरू, नागरिक समाज, सञ्चारमाध्यम र सर्वसाधारण नागरिक सबैको साझा पहलविना जातीय विभेद उन्मूलन सम्भव नहुने स्पष्ट पारे । उनले भने, 'जातीय विभेद रोक्नका लागि आयोगले विभिन्न अध्ययन, अनुगमन तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको छ । तर कानुन बनेरमात्र हुँदैन, त्यसको कडाइका साथ कार्यान्वयन गर्न सरकार गम्भीर हुनुपर्छ ।'

अध्यक्ष मगरले जातीय विभेद रोक्न सञ्चारकर्मीहरूको भूमिकालाई विशेषरूपमा रहेको उल्लेख गर्दै समाचार, लेख र कार्यक्रममार्फत समाजमा सकारात्मक सोचको विकास गर्न आग्रहसमेत गरे । उनले सञ्चार क्षेत्रले समाजमा रहेका विभेदजन्य सोचलाई चुनौती दिन र समानताको सन्देश प्रवाह गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्ने बताए ।

राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्माले जातीय विभेद अझै पनि नेपाली समाजको जटिल समस्या भएको बताए । उनले दलित समुदायले भोग्दै आएको सामाजिक, आर्थिक तथा सांस्कृतिक बहिष्करणको अवस्थालाई गम्भीररूपमा सम्बोधन गर्नुपर्ने आवश्यकता औंल्याए । 'जातीय विभेदले दलित समुदायलाई 'मरौं कि बाँचौं' भन्ने कठिन अवस्थामा पुऱ्याएको छ,' उनले भने, 'समाजमा दलितहरूको अस्तित्व, सम्मान र स्वाभिमान जोगाउन सबै पक्ष एकजुट भएर लाग्नुपर्छ ।'

उनले राज्यका नीतिहरू अझ प्रभावकारी बनाउन, शिक्षामा समान पहुँच सुनिश्चित गर्न, रोजगारीका अवसर विस्तार गर्न तथा विभेदजन्य व्यवहारमाथि कडा कारबाही गर्न सरकारसँग माग गरे । साथै, उनले स्थानीय तहदेखि केन्द्रसम्म समावेशी नीतिको कार्यान्वयनमा जोड दिनुपर्ने धारणा राखे ।

राष्ट्रिय महिला आयोगकी अध्यक्ष कमलाकुमारी पराजुली, प्रतिनिधिसभा सदस्य खगेन्द्र सुनार, आरेन राई, राष्ट्रिय सभा सदस्य धर्मेन्द्र पासवान तथा नेपाल प्रहरीका प्रहरी महानिरीक्षक दानबहादुर कार्कीलगायत वक्ताहरूले पनि जातीय विभेद अन्त्यका लागि राज्य र समाजका सबै पक्षले सहकार्य गर्नुपर्नेमा जोड दिएका थिए ।

उनीहरूले नेपालमा कानुनीरूपमा जातीय विभेद निषेध भए पनि व्यवहारमा अझै यसको प्रभाव देखिनु दुःखद भएको उल्लेख गर्दै चेतना अभिवृद्धि, शिक्षा, कडा कानुनी कारबाही र सामाजिक रूपान्तरणमार्फत मात्र स्थायी समाधान सम्भव हुने धारणा राखे ।

# 'डाउन सिण्ड्रोम'लगायत अवस्थाका परीक्षार्थीलाई विशेष व्यवस्था

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले अटिजम, बौद्धिक अपांगता, डाउन सिण्ड्रोमलगायत अवस्थाका परीक्षार्थीलाई परीक्षामा सहभागी हुन विशेष पकसिमले सहजता प्रदान गरेको जनाएको छ ।

कामपाले आधारभूत तह उत्तीर्ण परीक्षामा सहभागी हुने, अटिजम, बौद्धिक अपांगता, डाउन सिण्ड्रोमलगायत अवस्था भएका विशेष प्रकृतिका विद्यार्थीलाई होम सेन्टरमै परीक्षा दिँदा सहजता प्रदान गरेको कामपाकी कार्यवाहक प्रमुख सुनिता डंगोलले जानकारी दिइन् ।

विशेष प्रकृतिका विद्यार्थीका लागि छुट्टै शैक्षिक वातावरण चाहिने भएकाले महानगरपालिकाले यस प्रकारका शिक्षण संस्था सञ्चालनका विषयमा योजना बनाउँदै गरेको पनि कामु डंगोलको भनाइ छ । शिक्षा नियमावली, २०५९ को नियम ४७ बमोजिम दृष्टिविहीन, बहिरा, सुस्तश्रवण, मनोसामाजिक अपांगता भएका विद्यार्थीका लागि निजले बुझ्ने सांकेतिक भाषामा परीक्षा दिने व्यवस्था मिलाइएको छ । यस्ता विद्यार्थीले निर्धारित समयभित्र परीक्षा दिन नसक्ने देखिएमा केन्द्राध्यक्षले वा सम्बन्धित विद्यालयले बढीमा एक घण्टा ३० मिनेटसम्म थप समय उपलब्ध गराउन सक्ने छन् ।

महानगरपालिकाले तयार पारेको प्रश्नपत्रबाट विकासात्मक अपांगता वा विशेष प्रकृतिका बालबालिकाहरूले परीक्षा दिन नसक्ने भएमा विद्यार्थीको सिकाइ प्रकृतिका आधारमा विद्यालयले उपयुक्त मूल्यांकन मापदण्ड तयारी गरी विद्यार्थी मूल्यांकन गरेर प्राप्तांक सम्बन्धित स्रोत केन्द्रमा बुझाउनुपर्ने छ ।



यही चैत ५ गतेबाट सुरु भएको आधारभूत तह परीक्षाका लागि ५७ वटा केन्द्र सञ्चालन भइरहेका छन् । यी केन्द्रहरूमध्ये ४७ सामुदायिक विद्यालयमा र १० संस्थागत विद्यालयमा छन् । केन्द्रहरूमा ४९४ विद्यालयका १९ हजार ११७ विद्यार्थी सहभागी छन् । परीक्षार्थीमा १० हजार ७४५ छात्र र आठ हजार ३७२ छात्रा छन् । विद्यालयको प्रकृतिका आधारमा हेर्दा, दुई वटा कारागार र एउटा विशेषसहित ७७ वटा सामुदायिक विद्यालयका चार हजार ६१४, २० वटा वैकल्पिक विद्यालयका ८३७ जना, छ वटा धार्मिक विद्यालयका ७० जना र ३९१ वटा संस्थागत विद्यालयका १३ हजार ५९६ विद्यार्थीले परीक्षामा सहभागी भएका छन् ।

केन्द्रीय बहिरा माध्यमिक विद्यालय नक्सालमा अध्ययनरत विद्यार्थीहरू विशेष प्रकृतिका (बहिरा) भएकाले उनीहरूको विशिष्ट आवश्यकतालाई ध्यानमा राखी सोही विद्यालयमा नै परीक्षा केन्द्र कायम गरिएको छ । जगन्नाथ देवल माध्यमिक विद्यालय र बन्दी विकास आधारभूत विद्यालय कारागार (जेल) भित्र सञ्चालित रहेको र सुरक्षा संवेदनशीलताका कारण विद्यार्थीहरू बाहिर जान सहज नहुने हुँदा ती विद्यालयहरूको परीक्षा केन्द्र त्यही विद्यालयमा नै कायम गरिएको कामपाको भनाइ छ ।

# विभेद्जन्य गतिविधि गर्नेलाई कानुनी दायरामा ल्याइने

**काठमाडौं (प्रस)–** नेपाल प्रहरीका प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले जाति तथा रंगभेद उन्मूलनका लागि नेपाल प्रहरी सक्रिय रुपमा लागेको उल्लेख गर्दै विभेदजन्य गतिविधि गर्नेलाई कानुनी दायरामा ल्याइने बताएका छन् ।

राष्ट्रिय दलित आयोग तथा विभिन्न दलित अधिकारकर्मी संघसंस्थाको संयुक्त आयोजनामा शनिबार भएको कार्यक्रममा महानिरीक्षक कार्कीले समाजमा विद्यमान विभेद अन्त्य गर्न कानुनी कार्यान्वयनसँगै जनचेतना अभिवृद्धि आवश्यक रहेकोमा जोड दिएका हुन् । उनले जातीय विभेद जस्तो सामाजिक विकृतिको अन्त्यबिना समतामूलक समाजको परिकल्पना अधुरो रहने उल्लेख गर्दै प्रहरी संगठनले यस्ता घटनामा शून्य सहनशीलताको नीति अपनाएको स्पष्ट पारे । 'जातीय विभेद् रोक्न प्रहरी सक्रिय रूपमा लागि परेको छ । यसलाई अन्त्य गर्न हामी निरन्तर प्रयासरत छौं, तर यसमा राज्यका अन्य निकाय, नागरिक समाज र सर्वसाधारणको पनि उत्तिकै भूमिका आवश्यक छ,' उनले भने ।

महानिरीक्षक कार्कीले नेपालको संविधानले सुनिश्चित गरेको समानता, स्वतन्त्रता र सामाजिक न्यायको अधिकार व्यवहारमा लागू गराउन प्रहरी प्रतिबद्ध रहेको बताए । उनले सबै नागरिकले विनाकुनै भेद्भाव समान हक अधिकार उपभोग गर्न पाउनुपर्नेमा जोड दिँदै विभेदजन्य गतिविधि गर्ने जोसुकैलाई पनि कानुनको दायरामा ल्याइने विश्वास व्यक्त गरे ।

उनले सुर्खेतकी इनिशा विकको हत्या प्रकरणको अनुसन्धान तथ्य र प्रमाणका आधारमा अगाडि बढिरहेको बताए । उनले पीडित परिवारसँग निरन्तर सम्पर्क भइरहेको जानकारी दिँदै दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याइने र न्याय सुनिश्चित गरिने प्रतिबद्धता व्यक्त गरे । 'इनिशा विक हत्या प्रकरणमा अनुसन्धानका लागि पर्याप्त रूपमा प्रहरी परिचालन गरिएको छ । छिट्टै सत्यतथ्य सार्वजनिक हुने छ,' उनले भने ।

कार्यक्रममा सहभागी वक्ताहरूले जातीय विभेद अझै समाजमा विद्यमान रहेको भन्दै यसको अन्त्यका लागि कडा कानुनी कार्यान्वयन, शिक्षा तथा जनचेतना कार्यक्रमलाई अझ सशक्त बनाउनुपर्ने आवश्यकता औंल्याएएका थिए । उनीहरूले विशेषगरी दलित समुदायमाथि हुने हिंसा र विभेद्का घटनामा द्रुत न्याय सुनिश्चित गर्न राज्य संयन्त्रलाई थप जिम्मेवार बन्न आग्रह गरेका थिए ।


## सूचनाको हक प्रवर्द्धनमा पत्रकारको भूमिका
### विषयक कार्यक्रम सञ्चालन तथा नाम दर्ता गर्ने सम्बन्धी सूचना

**सूचना प्रकाशन मितिः २०८२ चैत ८ गते**

**नेपाल पत्रकार महासंघ ललितपुर जिल्ला शाखा**को समन्वय तथा **ललितपुर महानगरपालिका, वडा नं. २१** को सहकार्यमा **सूचनाको हक प्रवर्द्धनमा पत्रकारको भूमिका** विषयक **तालिम कार्यक्रम** सञ्चालन हुन गइरहेको हुँदा उक्त तालिम कार्यक्रममा सहभागी हुन इच्छुक पत्रकार तथा सरोकारवालाहरूले आफ्नो नाम दर्ता गर्न हुन अनुरोध छ । कार्यक्रम चैत महिनाभित्र सञ्चालन हुने यसै सूचनामार्फत जानकारी गराइन्छ । महिला, आदिवासी/जनजाती तथा सिमान्तकृत समुदायलाई पहिलो प्राथमिकता दिइनेछ ।

**सम्पर्क व्यक्तिहरूः**

रामहरि कार्की, अध्यक्ष ९८५१०८७९६६
दीपक अर्याल, सचिव ९८५१२११९१५
इमेलः fnjlalitpur2049@gmail.com

**नेपाल पत्रकार महासंघ**
ललितपुर जिल्ला शाखा



## Fatuwa Bijaypur Municipality
## Office of the Municipal Executive
Laxminiya (Do), Rautahat

### Invitation for Bids

**Invitation for Bid No.: 01/082/83**
**Date of Publication: 2082/12/08 (22nd March, 2026)**

1. Fatuwa Bijaypur Municipality, Laxminiya (Do), Rautahat invites Open Competitive Bidding (Single Stage Envelope Bids from eligible Nepali bidders for the following works under National Competitive Bidding (NCB) Procedures.

| S. N. | Contract Identification No. | Name of Works | Estimate Amount (NRS) including VAT & PS. | Bid Security Amount (NRs.) | Bid Validity/Bid SecurityPeriod | Bid Document fee (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | FBMun/ NCB/ Works/ 01/082/ 83 | Construction of 4-Room School Building of Shree Secondary School Petbharwa at Fatuwa Bijaypur Municipality-06, Rauthata | 54,53,329.08 | 1,40,000.00 | 90/120 Days from the Date Of bid Opening | 3000.00 |
| 2 | FBMun/ NCB/Works/ 02/082/83 | Construction of 4-Room School Building of Shree Adharbhut School Laxminiya (Do) at Fatuwa Bijaypur Municipality- 09, Rauthata | 54,53,329.08 | 1,40,000.00 | 90/120 Days from the Date Of bid Opening | 3000.00 |

2. Purchase, Submission and Opening:

| S.N | Last Date of Bid Submission | Bid Opening Date, Time & Place | Remarks |
|---|---|---|---|
| | 2083/01/08 (21 April 2026) Before 12:00 Hours | 2083/01/08 (21st April 2026) at 13:00 Hours, Fatuwa Hours Bijaypur Municipality, Laxminiya (Do), Rautahat | |

3. Information to deposit the cost of bidding document in Bank:

| Information to deposit the Cost of Bidding Document | Information to deposit the Cost of Bid Security |
|---|---|
| **Name of the Bank:** Global IME Bank, Fatuwa Branch Rautahat<br>**Name of Office:** Fatuwa Bijaypur Municipality, Laxminiya (Do), Rautahat<br>**Office Account no.:** 14104010000007<br>**Rajaswa (revenue) Shirshak no.:** Ga-1.1 Aantrik Rajswakhatta | **Name of the Bank:** Global IME Bank, Fatuwa Branch Rautahat<br>**Name of Office:** Fatuwa Bijaypur Municipality, Laxminiya (Do), Rautahat<br>**Office Account no.:** 14104010000004<br>**Rajaswa (revenue) Shirshak no.:** Ga-3 Dharautikhatta |

4. Eligible Bidders may visit PPMO's website www.bolpatra.gov.np/egp for further information and inspect the Bidding Documents or Contact Fatuwa Bijaypur Municipality, Laxminiya (Do), Rautahat.

**Chief Administrative Officer**



## धितोमा रहेको अचल सम्पत्तिको लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना

**चौथो पटक प्रकाशित मितिः २०८२/१२/०८**

यस सहकारी संस्थाबाट ऋणलिनु भएका तपसिलका ऋणी सदस्यले ऋण लिँदाको शर्त तथा भाखा बमोजिम तिर्नुपर्ने साँवा, व्याज तथा हर्जाना रकम समयमा नतिरी नबुझाई पटक पटक लिखित एवं मौखिक ताकेता गर्दा तथा पत्रिकाहरूमा ३५ दिने तथा १५ दिने सूचनाहरू प्रकाशन गरी तरताकेता गर्दा तथा प्रथम पटक मिति २०८२।१०।०४ गते, दोस्रो पटक मिति २०८२।११।११ तथा तेस्रो पटक मिति २०८२।११।२८ गते धितोमा रहेको अचल सम्पत्तिको लिलामबिक्री सम्बन्धी ३५ दिने, १५ दिने र ७ दिने सूचनाहरू क्रमशः प्रकाशित गरी ताकेता गर्दा समेत उल्लेखित समयावधि भित्र कर्जा तिर्न बुझाउन नआउनु भएकोले यो चौथो पटक सूचना प्रकाशन गरिएको छ । अतः यस चौथो पटक प्रकाशित सूचना बमोजिम ७ दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण रकम तिर्न बुझाउन आउनु भनी ऋणी तथा धनजमानी कर्ता समेतलाई पुनः अनुरोध गरिएको छ । अन्यथा यस सूचना प्रकाशित भएको मितिले आठौं दिनमा संस्था सँग ऋण लिँदा गरेको लिखित सम्झौता, सहकारी ऐन २०७४ को दफा ७९, सहकारी नियमावली २०७५, काठमाडौं महानगरपालिका सहकारी ऐन २०७४ को दफा ५८, संस्थाको विनियम, निति तथा प्रचलित कानुन बमोजिम यस संस्थाको नाममा धितो रोक्का कायम रहेको तपसिलमा उल्लेखित घरजग्गा यस संस्थाको मुख्य कार्यालय रहेको काठमाडां जिल्ला, का.म.न.पा वडा नं.२२, वटु, स्थित कार्यालयमा मिति २०८२ चैत्र १५गते दिउँसो २:०० बजे लिलाम बिक्री गरी यस सहकारी संस्थाको सम्पूर्ण लेना रकम असुलउपर गरिने भएकोले तपसिल बमोजिमका घर/जग्गा यथास्थितिमा लिलाम बढाबढ गर्न मिति २०८२ चैत्र १५गते बिहान ११:०० बजे भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्न आउनुहुन इच्छुक सर्वसाधारण/फर्मलाई र सम्बन्धित ऋणी तथा जमानीकर्ता एवं सम्पत्ति धितो बन्धक लेखिलिने सम्बन्धित सबैलाई यसै सूचना द्वारा सूचित गरिन्छ । ऋणीको धितो लिलाम बिक्री गर्दा समेत संस्थाको लेना रकमको साँवाव्याज, हर्जाना र विविध खर्च असुल नभएमा ऋणीको अन्य सम्पत्ति तथा ऋणीका एकाघर परिवारका सदस्यहरूको नाममा रहेका भएका चलअचल सम्पत्तिबाट समेत असुलउपर गरिलिने र ऋणी तथा जमानीकर्तालाई कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न लेखी पठाइने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ । धितो लिलामबिक्री गर्दा वा संस्था आफैंले सकार गर्दा साविकमा संस्थाबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा बिक्री भयो वा संस्था आफैंले सकार गरी लियो भनी कहीं कतै उजुरबाजुर गर्न पाइने छैन । यस सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र कार्यालय समयमा शिलबन्दी बोलपत्र खरिद र दर्ता गर्न सकिनेछ । लिलाम हुने दिन बिदा परेमा सो पछि कार्यालय खुल्ने दिनमा लिलाम हुनेछ । लिलाम सदर वा बदर गर्ने सम्पूर्ण अधिकार संस्थालाई हुनेछ । कसैले बोलकबोल नगरेमा सम्बन्धित धितो राखिएको सम्पत्ति यस संस्था आफैंले सकार गर्ने व्यहोरा समेत यसै सूचनाबाट सूचित गरिन्छ । धितो लिलाम सम्बन्धि अन्य शर्तहरू बोलपत्र फारममा उल्लेख भएबमोजिम हुनेछ । न्यूनतम कबोल अंक बोलपत्र फाराममा उल्लेख गरिएको छ । साथै धितो निरीक्षण सम्बन्धि जानकारी तथा अन्य थपजानकारी संस्थाबाट प्राप्त गर्न सकिनेछ ।

**तपसिल**

| ऋणीको तिन पुस्ते नाम तथा ठेगाना : | जमानी दिनेको तिन पुस्ते नाम तथा ठेगाना : | धितोको विवरण |
|---|---|---|
| **नाम : बाबुलाल रोक्का**<br>बाबु : सुकदेव रोक्का<br>बाजे : डोल बहादुर रोक्का<br>स्थायी ठेगाना : धादिङ जिल्ला, सांकोष, वडा नं.४<br>(हाल नीलकण्ठ न.पा. वडा नं.१२०,<br>अस्थायी ठेगाना : का.जि. का.म.न.पा.वडा नं.१६, ठमेल<br>ना.प्र.नं.२६-२२९४६, धादिङ २०५४/१०/०७ | **नाम : कमला रोक्का**<br>बाबु : मान बहादुर नेपाली<br>बाजे : दल बहादुर नेपाली<br>स्थायी ठेगाना : धादिङ जिल्ला,<br>सांकोष गा.वि.स, वडा नं.४,<br>अस्थायी ठेगाना : का.जि. का.म.न.पा. वडा नं.१६, ठमेल<br>ना.प्र.नं.२६३०२८/१४३, धादिङ २०६३/१०/२५ | धादिङ जिल्ला, सांकोष गा.पा. (हाल नीलकण्ठ न.पा. वडा नं.१२) वडा नं./नक्सा सिट नं.३/३ (ख), कित्ता नं.१०८, क्षेत्रफल १०-४-२-३ (५,२३६.४४ व.मि.) |

**Saving & Credit Co-operative Ltd.**
**ॐ सूर्य बचत तथा ऋण सहकारी संस्था लि.**
वटु, न्यूरोड, का.म.न.पा.–२२ काठमाडौं, फो.नं.५३२०२४३

प्रभाव दैनिक National Daily

## सम्पादकीय

# हारको समीक्षा कि नेतृत्वको रक्षा ?

नेपाली कांग्रेसको केन्द्रीय कार्यसमिति बैठक यतिबेला एउटा गम्भीर मोडमा उभिएको छ। फागुन २१ को निर्वाचनमा बेहोरेको लज्जास्पद हारपछि सभापति गगन थापाले दिएको राजीनामा र त्यसलाई अस्वीकृत गर्ने केन्द्रीय समितिको कसरतले नेपाली राजनीतिको एउटा पुरानो प्रवृत्तिलाई पुनः सतहमा ल्याएको छ– हारको समीक्षाभन्दा नेतृत्वको रक्षा।

विशेष महाधिवेशनबाट 'पार्टी रिफर्म' र 'जेन–जी विद्रोह' को जगमा उदाएका गगन थापाका लागि यो निर्वाचन पहिलो अग्निपरीक्षा थियो। तर, छोटो अवधिमा प्राप्त नतिजाले उनको नेतृत्व क्षमतामाथि मात्र होइन, कांग्रेसको समग्र अस्तित्वमाथि नै प्रश्न उठाएको छ। हारको नैतिक जिम्मेवारी लिँदै राजीनामा दिनु थापाको राजनीतिक संस्कारको एउटा सकारात्मक पाटो हो। तर, आफ्नै पक्षका नेताहरू मात्र भरिएको केन्द्रीय समितिले त्यसलाई 'भावनाको कदर' भन्दै अस्वीकृत गर्ने तयारी गर्नुले कतै कांग्रेस 'उत्तरदायी' हुनुभन्दा 'रक्षात्मक' हुन खोजेको त होइन भन्ने संशय पैदा गरेको छ।

उपसभापति विश्वप्रकाश शर्माले पेस गरेको २७ बुँदे समीक्षा रिपोर्टले हारका केही निर्मम सत्यहरू उजागर गरेको छ। विशेष महाधिवेशनको इख पालेर बसेका पूर्वसंस्थापन पक्षका नेताहरूको 'मौनता' र 'स्याबोटेज' (अन्तर्घात) लाई हारको प्रमुख कारण मानिएको छ। यो सत्य हो कि एउटा पक्षले अर्को पक्षलाई खुइल्याउने खेलले कांग्रेसलाई खुम्च्याउँदै लगेको छ। तर, नेतृत्वले यो पनि स्वीकार गर्नुपर्छ कि गठबन्धनको अस्थिर राजनीति, सत्ताको लुछाचुडी र डेलिभरीमा देखिएको सुस्तताले मतदातामा कांग्रेसप्रति तीव्र वितृष्णा पैदा गरेको छ।

अहिले कांग्रेसभित्र दुईवटा धार देखिएका छन्। एउटा धार भन्छ– 'क्याप्टेनले बीच मैदानमा जहाज छोड्नु हुँदैन', र अर्को पक्ष 'विशेष महाधिवेशन'कै वैधानिकतामाथि प्रश्न उठाउँदै मौन बसेको छ। कोशी प्रदेशका सभापति उद्धव थापादेखि अर्जुननरसिंह केसीसम्मले गगनलाई निरन्तरता दिनुपर्नेमा जोड दिएका छन्। तर, राजीनामा अस्वीकृत हुनुमात्रै समस्याको समाधान होइन।

यदि कांग्रेसले साँच्चिकै पुनर्जीवन चाहने हो भने गगन थापाले केवल पदमा निरन्तरता पाएर पुग्दैन, उनले असन्तुष्ट पक्षलाई विश्वासमा लिन र आम नागरिकमा गुमेको भरोसा फर्काउन 'एक्सन' देखाउनुपर्छ। निर्वाचनको हारलाई 'कार्यकर्ताको असहयोग'मा मात्र सीमित नगरी आफ्ना नीति र व्यवहारमासमेत निर्मम समीक्षा गर्न आवश्यक छ। नेतृत्वको रक्षा गर्ने नाममा कमजोरीहरूलाई ढाकछोप गरियो भने आगामी नियमित महाधिवेशनसम्म कांग्रेस अझै कमजोर हुने निश्चित छ।

नैतिकताको जगमा उभिएर राजीनामा दिएका थापालाई रोक्नुमात्र पर्याप्त छैन, उनलाई काम गर्ने वातावरण र गुटमुक्त कांग्रेस बनाउने संकल्प अहिलेको अनिवार्य सर्त हो। अन्यथा, यो बैठक केवल एउटा व्यक्तिलाई जोगाउने औपचारिकतामा मात्र सीमित हुने छ।

## श्रम सरोकार

# विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

### १) कसैको प्रलोभनमा नफसौं

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन्। आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो। कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ। फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ।

### २) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न। स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ।

### ३) आफ्नो सुरक्षामा ध्यान दिऔं

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ। काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ। कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ। याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ।

### ४) काममा लगनशील बनौं

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ। उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन। अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ। याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ।

### ५) आवश्यक सम्पर्क नम्बर सुरक्षित राखौं

दूतावास, त्यहाँस्थित विभिन्न सामाजिक संस्था, नेपालस्थित रोजगार तथा सरकारी निकाय र आफू गएको वैदेशिक रोजगार संस्था तथा सहयोगी संस्थाका सम्पर्क टेलिफोन तथा ठेगाना सधैंभरि साथमा राख्नुपर्छ। स्थानीय कानुन तथा अन्य विषयमा जानकार व्यक्तिहरूसँग निकट रहनुपर्छ। यसो गर्दा आकस्मिकरूपमा आउने समस्याहरू समाधानमा सहजता हुने छ।

# पैसा, शक्ति र राजनीति मुक्त एनआरएनए



❑ डा. हेमराज शर्मा

"मेरो समग्र दृष्टि भनेको बाहिर भएका सबै खालका गैरआवासीय नेपालीलाई संघसँग जोड्ने र संगठनलाई ठूलो बनाउने हो। यसका लागि संस्थागत र वैधानिक संरचना सुधार गर्नुपर्छ। उदाहरणका लागि, हालको निर्वाचन प्रणाली यस्तो छ कि सदस्यलाई काठमाडौं आउनुपर्ने, भोट दिनुपर्ने, र लाखौं खर्च गर्नुपर्ने हुन्छ। यस प्रणालीमा धेरैले सहभागी हुँदैनन्। तर, अहिले यो एकता महाधिवेशनले निर्णय गरेको छ कि निर्वाचनका लागि काठमाडौं आउन जरुरी छैन। आ-आफ्नो स्थानबाट प्रत्येक पञ्जीकरण सदस्यले प्रत्यक्ष अनलाइन मतदान गर्न सक्छन्। यसरी नेतृत्व चयन गर्दा धेरै सकारात्मक परिवर्तन आउने छ।

गैरआवासीय नेपाली संघ (एनआरएनए)को ११औं महाधिवेशनबाट निर्वाचित डा. बद्री केसीको एउटा समिति थियो, र अर्को समिति महेश श्रेष्ठज्यूको, गत मे महिनादेखि निर्वाचित थियो। यी दुवै समितिलाई फेरि सर्वोच्च अदालतले मान्यता दिएको थियो। एउटै अदालतको फैसला भए पनि हामी समानान्तररूपमा काम गर्दै थियौं। तर हामी विभाजित हुँदा, नेपाल सरकार, नेपालको मिडिया, र आम गैरआवासी नेपालीहरूको दृष्टिकोण त्यति राम्रो थिएन। हाम्रो माथि केन्द्रमा विभाजन हुँदा यसको प्रभाव हाम्रो राष्ट्रिय समन्वय परिषद्मा पनि परेको थियो। आम गैरआवसीय नेपालीहरूबाट पनि मिल्नुपर्ने एक किसिमको दबाब थियो।

वास्तवमा, महेश श्रेष्ठ निर्वाचित भएर आउँदादेखि नै हामी एकताको सम्भावनाबारे खोजी गर्दै थियौं। त्यसपछि जेन-जी आन्दोलन भयो। जेन-जी आन्दोलनपछि हामीले निर्धारण गरेको अधिवेशन अक्टोबरमा हुने थियो। तर हामीले यसलाई सारेर अझ एकताको खोजी गर्ने निर्णय गर्‍यौं। त्यसपछि हामीले अलि घनिष्ठ रूपमा छलफल गर्‍यौं। नोभेम्बरमा, सम्माननीय प्रधानमन्त्री सुशीला कार्कीज्यूसँग हाम्रो सामूहिक भेटमा, हामीले दुवै पक्षलाई मिलाएर छ महिनाभित्र बृहत् एकताको अधिवेशन गर्ने सम्झौता गर्‍यौं। सोअनुरूप, हामीले विभिन्न दुई समूहभित्रका उपसमूहहरू सबैलाई समेटेर, सबैको उपस्थितिमा र कार्यसमितिमा सबै पक्षको प्रतिनिधि हुनेगरी मेरो नेतृत्वमा कार्यसमिति गठन गरेका थियौं।

नेतृत्वको हिसाबले पनि म फरक धारको नेतृत्व भन्न रुचाउँछु। किनभने एनआरएनएको २३ वर्षको इतिहासमा 'एकेडेमिक' क्षेत्रबाट कोही नेतृत्वमा आएका थिएनन्। म आफैं कुनै पार्टीको राजनीति वा पार्टीसँग आबद्ध नभएको हुनाले, यहाँ केही परिवर्तन भएको स्थिति छ। सही समयमा यो एकता भएको छ।

वास्तवमा, मेरो एकमात्र उद्देश्य एनआरएनएलाई स्वतन्त्र र 'थ्री पी' मुक्त बनाउनु हो। पहिलो पी भनेको एउटा कुनै पनि राजनीतिक पार्टीसँग आस्था राख्ने पोलिटिक्स हो, हाम्रो आन्तरिक राजनीति त छँदै छ। अर्को पी भनेको चुनावमा अनावश्यकरूपमा पैसाले प्रभाव पार्नुहुँदैन भन्ने थियो। अर्को पी भनेको पावर रहेको छ। यहाँ एनआरएनएमा आइसकेपछि नेपाल सरकारसँग हुने पहुँचलाई दुरूपयोग गर्ने होइन। तर यो थ्री पीबाट एनआरएनए स्वतन्त्र र मुक्त हुनुपर्छ भन्ने अभियान पनि थियो। यही कारणले गर्दा, हामी विभाजन र खिचातानी हुने र हामीप्रति धेरै गैरआवासीय नेपालीहरूको आकर्षण कम भएको थियो। अहिले ८० लाख गैरआवासीय नेपाली छौं भन्छौं तर आबद्धताको हिसाबले अहिले करिब एक लाख ३० हजारमात्र सदस्य छन्। यो करिब दुई प्रतिशतमात्र हो। ९८ प्रतिशत गैरआवासीय नेपाली हामीसँग आबद्ध नै छैनन्। उनीहरूलाई पनि हामीले समेटेर ल्याउनुपर्छ। यदि नेपाल सरकारले अपेक्षा गरेअनुसार लगानी भित्र्याउने, बौद्धिक लगानीभित्र ल्याउने, ज्ञान ट्रान्सफर गर्ने हो भने सबैलाई एनआरएनएमा जोड्न जरुरी छ।

## लक्ष्यः एनआरएनएको 'रिब्राण्डिङ'

मेरो पहिलो चुनौती भनेको बाहिर रहेका साथीहरूलाई एकै टिममा ल्याउनु हो। हिजो सामाजिक सञ्जालमा अलग-अलग विचार राख्ने साथीहरू अहिले एउटै टिममा छन्। उनीहरूबीच सकारात्मक वातावरण बनाउने यो हाम्रो पहिलो चुनौती हो। अर्को चुनौती भनेको, यो एकतालाई दिगो बनाउनु हो। अर्को कुरा, एनआरएनएलाई 'रिब्राण्डिङ' गर्नुपर्‍यो, किनभने सन् २००३ सालमा जुन संस्था स्थापना भएको थियो, त्यतिबेला विदेशमा बस्ने हामी पाँच लाख नेपाली थियौं। त्यतिबेला हाम्रो पहिलो 'जेनेरेसन'का बच्चाहरू जन्मेका थिए। अब अहिले धेरै परिवर्तन भएको छ। अहिले संख्या ८० लाखसम्म पुगेको छ। अब हाम्रा बच्चाहरू दोस्रो जेनेरेसनमा प्रवेश गरिसकेका छन्।

'पोलिटिकल' हिसाबले हेर्ने हो भने, नेपालको विश्वस्तरको राजनीतिक परिवेश पनि धेरै परिवर्तन भएको छ। त्यतिबेला पुरानो तरिका ठीक थियो। तर अब यो नयाँ परिवेशमा हामीले यसलाई अनुकूल बनाउनुपर्ने छ। अब पूरै परिवर्तन गर्नुपर्छ। एनआरएन भनेको के हो, एनआरएनलाई हेर्ने दृष्टिकोण के हो र एनआरएन भनेको केवल आर्थिक लगानीमात्र हो कि होइन भन्ने कुरा स्पष्ट हुनुपर्छ। एनआरएन भनेको बाहिर बस्ने नेपालीमात्र होइन। खाडीमा जाने नेपालीहरू दोस्रो पुस्तामा प्रवेश गर्दै छन्। पाँच पुस्ताअघि बर्मा, थाइल्याण्ड, मलेसियामा गएका नेपालीहरू पनि छन्। यदि ती सबै नेपालीहरूलाई जोड्न सकियो भनेमात्र पेसागत मान्छेहरूलाई जोड्न सकिन्छ, र यसरी मात्र यो संस्था बलियो हुन्छ।

साँच्चिकै, राज्यले अपेक्षा गरेअनुसार काम गर्न पनि यसरी मात्र सम्भव हुन्छ। अब मेरो डेढ वर्षको 'फोकस' भनेको लगानी त आफ्नो ठाउँमा छँदै छ। नागरिकताको विषयलगायतका गैरआवसीय नेपालीसँग जोडिएका मुद्दाहरू सम्बोधन गर्न लाग्ने छु। यस अवधिमा च्यारिटी कार्यक्रम अलि कति कम गर्ने निर्णय पनि गरेका छौं। मध्यपूर्वमा समस्या परेका साथीहरूलाई सहयोग गर्न सक्छौं। सहयोग गर्दामात्र हाम्रो कनेक्सन बलियो हुन्छ।

मेरो समग्र दृष्टि भनेको बाहिर भएका सबै खालका गैरआवासीय नेपालीलाई संघसँग जोड्ने र संगठनलाई ठूलो बनाउने हो। यसका लागि संस्थागत र वैधानिक संरचना सुधार गर्नुपर्छ। उदाहरणका लागि, हालको निर्वाचन प्रणाली यस्तो छ कि सदस्यलाई काठमाडौं आउनुपर्ने, भोट दिनुपर्ने, र लाखौं खर्च गर्नुपर्ने हुन्छ। यस प्रणालीमा धेरैले सहभागी हुँदैनन्। तर, अहिले यो एकता महाधिवेशनले निर्णय गरेको छ कि निर्वाचनका लागि काठमाडौं आउन जरूरी छैन। आ-आफ्नो स्थानबाट प्रत्येक पञ्जीकरण सदस्यले प्रत्यक्ष अनलाइन मतदान गर्न सक्छन्। यसरी नेतृत्व चयन गर्दा धेरै सकारात्मक परिवर्तन आउने छ। किनभने, हामी डायस्पोराको शक्ति प्रयोग गर्न सक्छौं। अहिले हामीसँग करिब एक लाख ३० हजार सदस्य छन्। यसलाई खुला मतदान प्रणालीमार्फत सबैले भोट हाल्न सक्ने बनाइएमा, हाम्रो अपेक्षित सक्रिय सदस्य संख्या करिब तीन लाख पुग्न सक्छ।

विस्तारै सदस्य संख्या बढेर सात-आठ लाखसम्म पुग्न सक्ने छ। त्यहाँबाट निर्वाचित अध्यक्षको शक्ति करिब राष्ट्रिय दलहरूको शक्ति बराबर हुने सम्भावना हुन्छ। त्यसपछि मात्र हामी सरकारसँग आँखामा आँखामा जुधाएर हाम्रा मुद्दामा नेगोसिएसन गर्न सक्छौं। यो आफैंमा ठूलो फोर्स हुने छ। यदि नेटवर्क बलियो भयो भने यो एउटा किसिमको रेभोलुसन नै हुने छ। यो मैले ल्याएको एउटा मेजर एजेण्डा थियो, र यसलाई अहिलेको अधिवेशनले पारित गरेको छ। यसलाई हामीले इम्प्लिमेन्ट गरेर हेर्नेछौं।

पहिलो पुस्तामा अलि बढी पोलिटिक्ससँग आबद्ध र व्यवसायसँग आबद्ध साथीहरू मात्र हुनुहुन्छ। एनआरएन भनेको 'रिच म्यानरको क्लब' हो र त्यहाँ जहिले पोलिटिकल प्लेग्राउण्डजस्तो देखिन्छ भन्ने थियो। तर म नेतृत्वमा आएपछि, म कुनै पार्टीसँग आबद्ध नभएको र एकेडेमिक सेक्टरबाट आएको हुनाले, अब यसमा नयाँ उर्जा जान्छ जस्तो लाग्छ। यद्यपि, पहिलो दुई-चार महिनामा कस्तो प्रकारको प्रोग्राम लिएर आउँछौं भन्ने पनि महत्त्वपूर्ण हुने छ।

यसैगरी विदेशमा काम गर्न जाने श्रमिकहरूलाई तालिम दिने योजना बनाएका छौं। विदेश जाँदा प्लेन कसरी चढ्ने, एयरपोर्टबाट कसरी झर्ने, त्यहाँका समस्याहरू के हुन्, कानुनी अधिकार के-के छन्, भाषाका समस्या के-के छ ? सांस्कृतिक बाधा के-के छन्, ? गर्न मिल्ने-नमिल्ने कुराहरू के हुन् ? यी सबै ज्ञान भएमा सजिलो हुन्छ। यस्ता ज्ञान नहुँदा अनावश्यक झण्झटमा पर्न सकिन्छ। विभिन्न देशका एनसिसी (राष्ट्रिय समन्वय परिषद्) अध्यक्षहरूको नेतृत्वमा तालिम दिन सकेमा श्रमिकले स्पष्ट जानकारी पाउन सक्छन्।

हामीले हरेक महिना एउटा नियमित कार्यक्रम राख्न सक्नेछौं। हाम्रा साथीहरूले जुममार्फत, एउटा ट्रेनिङ दिने छन्। त्यसपछि कनेक्सन निर्माण हुन्छ। यहाँबाट जाँदा, सहभागीले एनआरएनए खोज्न थाल्छन्। विद्यार्थीहरू विदेश पढ्न जाँदा कतिपय 'कन्सल्टेन्ट'हरूले गलत जानकारी दिन सक्छन्। त्यसैले हामीले नियमित एक दिन 'ओरिएन्टेसन प्रोग्राम' राखेका छौं। यसरी, अस्ट्रेलिया वा अमेरिका जाने हाम्रा विद्यार्थीहरू पनि लिड रोलमा आउँछन्। विदेश बस्ने नेपालीलाई खेलकुदमार्फत नेपालसँग जोड्ने गरी कार्यक्रम गर्ने छौं।

अर्को भनेको ६०-६५ वर्ष उमेर पुगेका व्यक्तिहरूको १०-१५ वर्ष काम गर्न सक्ने ऊर्जा हुन्छ। विदेशमा उनीहरू कमसेकम एक्लोपन महसुस गरिरहेका छन्। उनीहरूलाई पनि आकर्षित गर्न 'स्पेसिफिक प्रोग्राम' राखेका छौं। यो 'टेक्नोलोजी' वा अन्य प्रोग्राममार्फत सुरु गर्दा धेरै मानिसहरू सहभागी हुने छन्। यसका लागि पूर्वाधार तयार पार्नुपर्छ, र संस्थाले पनि इन्टेन्सन (सक्रियता) लिनुपर्छ। चुनौती त छ तर अहिले सुरु गर्दा अर्को कार्यकालले कार्यन्वयन गर्ने विश्वास छ।

## लगानीका कुरा

लगानीको कुरा दुई किसिमले हेर्नुपर्छ। व्यक्तिले गरेको लगानी त प्रशस्तै छ। उदाहरणका लागि, एनआरएनएका पूर्वअध्यक्ष शेष घलेको लगानीमा १०-१२ अर्बको होटल निर्माण भएको छ। संस्थापक अध्यक्ष उपेन्द्र महतोको अस्पताल छ। पूर्वअध्यक्षहरू जिवा लामिछाने, भवन भट्टले पनि नेपालमा लगानी गर्नुभएको छ। जुन हामी प्रत्यक्ष देख्न सक्छौं। संस्थागत रूपमा, एनआरएन सामाजिक संस्था भएकाले आफैं लगानी गर्नु पर्दैन। यसको काम भनेको बाहिर रहेका सम्भावित लगानीकर्ताहरूलाई पहिचान गर्नु र यदि एनआरएनका 'लिडर'हरूसँग कुनै प्रोजेक्ट छ भने त्यसमा लगानी वातावरण बनाउनु हो। अहिलेसम्म यो मोडलमा काम भइरहेको भए पनि तर खुला छैन।

पदाधिकारीहरूले एउटा हाइड्रो प्रोजेक्ट लिए भने यसलाई ओपनभन्दा पनि चिनेको हाम्रा साथीहरूसँग तपाईंले लगानी ल्याउनसक्नुहुन्छ भन्न सक्छौं। तर एकदमै खुलारूपमा कलेक्टिभ इन्भेस्टमेन्टका दुई वटामात्रै प्रोजेक्ट छन्। एनआरएन इन्फ्रास्ट्रक्चरको अहिले सेयर मार्केट पनि धेरै उच्च भइसकेको छ। सुरुमा हामीले यो लमजुङको दोर्दीखोला जलविद्युत् आयोजनामा लगानी गरेका थियौं।

पछिल्लो १० अर्बको भनेको नेपाल सरकारले पाँच प्रतिशत लगानी गरेर अगाडि बढाउने हो। यसको कम्पनी स्थापित हुँदै छ। हामीबीचको विभाजनको कारणले अलि कति प्रभाव परेको छ। नेपाल सरकारले गर्नुपर्ने केही नीतिगत र व्यावहारिक कुराहरू त्यहाँ पूरा गर्न बाँकी छन्,। अब अन्तिम चरणमा छन्। नेपालमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भइसकेर अब नयाँ सरकार पनि बन्दै छ। सरकारको नेतृत्व गर्न लागेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को घोषणापत्र हेर्दा लगानीमैत्री वा डायस्पोरा फ्रेण्डली सरकार हुने छ भन्ने अपेक्षा छ। अनि १० अर्बको प्रोजेक्ट पनि गति लिन सक्छ। मेरो विचारमा १० अर्ब भन्नाले अहिले सुरुआती चरणमामात्रै हो। यदि सरकारले नै नेतृत्व गरेर नेपाल इन्भेस्टमेन्ट फण्ड सुरु गर्‍यो भने अर्बपतिकोमात्र होइन; सानो-थोरै कमाइ गर्ने व्यक्तिहरूको पनि लगानी जोड्न सकिन्छ र धेरै प्रोजेक्ट गर्न सकिन्छ।

लगानीमैत्री वतावरण बनाएर एनआरएनको लगानी बढाउन सरकारले पनि पहल गर्न जरुरी छ। सबै पार्टीको घोषणापत्र हेर्दा रास्वपाको घोषणापत्र डायस्पोराले चाहेको कुरा सम्बोधन गरेको छ। जस्तै नागरिकताको निरन्तरताको विषय र त्यहाँ लगानीमैत्री वातावरण पनि उल्लेख छ। रास्वपाको कतिपय नेतृत्वमा पूर्वएनआरएनहरू छन् र राष्ट्रिय समन्वय परिषद्को विभिन्न पदमा काम गरेका व्यक्तिहरू पनि महत्त्वपूर्ण ठाउँमा पुगेका छन्। यसले हाम्रा मुद्दा अघि बढाउन सहज बनाउँछ।

## मध्यपूर्वमा सहयोग

एनआरएनहरूका समस्या ठाउँअनुसार फरक-फरक छन्। मध्यपूर्वका देशहरूमा बस्ने नेपालीहरूले प्रायः रोजगारीसँग सम्बन्धित समस्या भोग्छन्। जस्तैः 'वर्क पर्मिट', स्वास्थ्य बिमा, काम गर्दा हुने चोटपटक र कहिलेकाहीं मृत्युका घटनासमेत हुन्छ। युरोप र अन्य पश्चिमी देशहरूमा भने फरक चुनौती छ। त्यहाँ जन्मिएका वा हुर्किएका दोस्रो पुस्ताका नेपालीलाई नेपालसँग कसरी जोडिराख्ने भन्ने ठूलो प्रश्न छ। एसियाका केही देशहरू, जस्तैः बर्मा, थाइल्याण्ड, फिजीमा त नेपालीहरू पाँचौं पुस्तासम्म पुगिसकेका छन्। उनीहरूलाई पनि नेपालसँग सम्बन्ध कायम राख्न गाह्रो भइरहेको छ। यसरी, एनआरएनका समस्या उनीहरू बसेको क्षेत्रअनुसार फरक-फरक देखिन्छन्।

अहिले नेपालमा पनि विदेशमा रहेका नेपालीहरूको अवस्था कस्तो छ भन्ने स्पष्ट जानकारी छैन। हामीसँग ठ्याक्कै तथ्यांकभन्दा बढी अनुमानमात्रै छ। तर, हाम्रो सञ्जाल करिब ९० देशमा फैलिएको छ, जसबाट कुन-कुन देशमा कति नेपाली छन् भन्ने अनुमान गर्न सकिन्छ। संसारभरि नेपाली कहाँ छन्, उनीहरूका समस्या के छन्, र उनीहरूमा कस्तो सम्भावना (पोटेन्सियल) छ- यी सबै कुरा समेटेर एउटा 'वाइट पेपर' (अध्ययन प्रतिवेदन) बनाउन आवश्यक छ। यसमा आर्थिक लगानी, बौद्धिक योगदान, र अन्य सहयोगका क्षेत्रहरू पनि स्पष्ट गर्न सकिन्छ। यसबारे म परराष्ट्र सचिवसँग पनि छलफल गरिरहेको छु। नेपाल सरकारले पनि नीति बनाउन सक्छ, हामीहरूले पनि आफ्ना नीति बनाउन सक्छौं। साथै, नेपाल र विदेशमा रहेका नेपालीसँग सम्बन्धित अन्य अन्तर्राष्ट्रिय संघसंस्थासँग सहकार्य गर्नु पनि उपयोगी हुन्छ। मेरो कार्यकालमा प्रयास गर्ने छु।

मध्यपूर्वमा युद्ध जारी रहँदा त्यहाँ भएका नेपालीमा परेको असरबारे स्थानीय राष्ट्रिय समन्वय परिषद्का नेतृत्वले तुरुन्तै एम्बेसी, नेपाल सरकारका प्रतिनिधि र एनआरएनसँग छलफल गरेर के गर्न सकिन्छ भनेर पहिल्यै पहिचान गरिसकेका छन्। त्यहाँ भएका नेपाली राजदूतावासका स्रोतहरू सीमित हुन्छन्। जहाँ पाँच-सात जना कर्मचारीमात्र हुन्छन्। अनि भाषा र संस्कृतिको पनि समस्या हुन्छ। त्यसैले सानो घटना हुँदा के गर्ने, कसलाई फोन गर्ने जस्ता कामहरू हाम्रो साथीहरूले सजिलै गर्न सक्छन्। कोभिडको समयमा पनि हामीले दुई लाखभन्दा बढी गैरआवासीय नेपालीलाई प्रत्यक्ष सहयोग गरेका थियौं। हामीले गाडीमै खाना पुर्‍याउने, क्याम्प सुरक्षित बनाउने, मानसिक स्वास्थ्यका समस्या समाधान गर्ने, २५० जना डाक्टरसँग समन्वय गर्ने, र भाषा समस्या भए नेपालीमै फोनमार्फत जानकारी दिनेजस्ता काम गरेका थियौं। यसरी धेरै नेपालीहरूको ज्यान बचाउन सफल भएका थियौं।

अहिले पनि हाम्रो 'ग्रासरुट' टिम तयार नै छ। आवश्यक परे सुरक्षित स्थानको व्यवस्थाका लागि हामी तयारी अवस्थामा छौं। बुधबार हाम्रो कार्य समितिको पहिलो बैठक सकियो। जहाँ त्यहाँको अवस्था र तुरुन्त गर्न सकिने सहयोग (आर्थिक वा अन्य) बारे छलफल भयो। छलफलमा राहत कोषका लागि एक करोड रूपैयाँ लैजाने निर्णय भएको छ। काम सुरु भइसकेको छ। कुवेतमा एयरपोर्टमै अप्ठ्यारोमा परेका गैरआवासीय नेपालीहरूलाई त्यहाँको एनसिसी टिमले रेस्क्यु गरिसकेको छ। यसले के देखाउँछ भने, हाम्रो ग्रासरुट टिम पहिलेदेखि नै सक्रिय र तयारी अवस्थामा छ।

अब नेपालको राजनीतिजस्तै एनआरएनएलाई पनि फरक किसिमले अगाडि बढाउनुपर्छ। सम्पूर्ण गैरआवासीय नेपालीलाई आशावादी रहन आग्रह गर्छु कि नयाँ सरकारसँग सहकार्य गर्ने अवसर आएको छ। सरकारसँग समन्वय गरेर गैरआवासीय नेपालीहरूको मुद्दा सम्बोधन गर्छौं यसका लागि हामीलाई साथ दिनुहोला।

*(गैरआवासीय नेपाली संघ (एनआरएनए)को हालै सम्पन्न १२औं महाधिवेशनबाट अध्यक्षमा निर्वाचित डा. शर्मासँग अध्यक्ष रासस समाचारदाता प्रगति ढकालले गरेको कुराकानीमा आधारित)*

# नेपालगञ्जमा मनाइयो ईद उल फित्र



**नेपालगञ्ज–** मुश्लिम धर्मावलम्बीहरूले शनिबार बाँकेको नेपालगञ्जमा ईद उल फित्र पर्व धुमधामका साथ मनाएका छन् । शुक्रबारदेखि निरन्तर परेको वर्षामा पनि खुला स्थानमा कोही छाता ओढेर, कोही पानीमा भिजेर मुस्लिम धर्मावलम्बीले नेपालगञ्जको बिपी चोकस्थित इदगाहमा ईद उल फित्र मनाएका हुन् ।

यस वर्ष पर्वको अघिल्लो दिनदेखि वर्षा भइरहेकाले अघिल्ला वर्षको जस्तै सडकसहित खुला स्थानमा घुइँचो नभए पनि मस्जिदमा मुश्लिम धर्मावलम्बीको घुइँचो लागेको थियो । इदगाहको भित्रपट्टीको खुला स्थानमा केहीले छाता ओढेर र केहीले पानीमा भिजेर नमाज पाठ गरेका थिए ।

अरबी पात्रो हिजरी संवत्अनुसार नवौं महिनामा निराहार व्रत गरेका मुस्लिम समुदायले नमाज पाठ गरी ठूलाबडाबाट आशीर्वाद लिएर ईद उल फित्र पर्व मनाउने चलन छ । यस अवसरमा नमाज पढेपछि खुसी साटासाट गर्दै बाँके क्षेत्र नं २ का प्रतिनिधिसभाका नवनिर्वाचित सदस्य मोहम्मद इस्तियाक राईले एक महिनाको व्रतपछि शनिबार पर्व मनाइएको बताए । उनले पर्वको अवसरमा सबैलाई शुभकामना दिँदै ईदले विश्व शान्तिको कामना गर्न सकोस् भने । उनले अल्लाहसँग प्रार्थना गरेर मुलुक र आमनागरिकको सुख र समृद्धिको कामना गरेको भन्दै सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीलाई शुभकामना व्यक्त गरे ।

नेपालगञ्ज-१७ परस्पर निवासी निजामुद्दिन इद्रिसीले एक महिनाको रोजा बस्नु भनेको प्रत्येक मुश्लिम समुदायको कर्तव्य र धर्म हुने उल्लेख गर्दै ईद शान्तिको पैगाम भएको बताए । उनले विश्व शान्तिका लागि प्रार्थना गरिएको भन्दै मुश्लिम समुदायका लागि विश्वमा कुरान, अजान एकमात्र धर्मग्रन्थ रहेको उल्लेख गरे ।

मुश्लिम समुदायमा विशेष नमाज पाठ गरेपछि तीन दिनसम्म आफूभन्दा ठूलाबडाकहाँ गएर आशीर्वाद लिने चलन छ । यस पर्वमा आफूभन्दा सानालाई आशीर्वाद दिने गरिन्छ । आशीर्वाद लिन आउने आफन्तलाई सेवइ, खजुरलगायत मिष्ठान्न भोजन गराउने प्रचलनसमेत रहेको छ ।

खुसीपूर्वक दान गरी दुःखी तथा गरिबलाई बाँडिने भएकाले यस पर्वलाई ईद उल फित्र भनिएको हो । यसबाहेक नेपालगञ्जका अन्य मस्जिद तथा इदगाहमा पनि विशेष नमाज पाठ गरिएको थियो । एक महिनादेखि मुस्लिम समुदायको लामो व्रत (रोजा) सुरु भएको थियो । *रासस*

# सन्त निरंकारी मिसनले चार प्रदेशमा नारी सन्त समागम गर्दै




**कैलाली (प्रस)–** अध्यात्म र समाज सेवाको क्षेत्रमा क्रियाशील अन्तर र्‍ाष्ट्रिय संस्था सन्त निरंकारी मिसनले नेपालमा पहिलोपटक प्रादेशिक नारी संघ समागम आयोजना गर्ने भएको छ । नारी शक्तिको माध्यमबाट समाजमा शान्ति र एकताको सन्देश फैलाउने उद्देश्यले सुदूरपश्चिम र मधेस प्रदेशमा चैत १३ गते तथा कर्णाली र कोशी प्रदेशमा चैत १४ गते नारी सन्त समागम आयोजना गरिने शनिबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

'सन्त निरंकारी मिसन कुनै धर्म वा सम्प्रदाय नभई एक व्यापक आध्यात्मिक विचार धारा हो,' सन्त निरंकारी मण्डल नेपालका अध्यक्ष नरबहादुर रावलले भने, 'यसले संसारका सबै धर्म र आस्थाका मानिसहरूलाई सम्मान गर्दै साकार सद्गुरुको माध्यमबाट परमात्माको जानकारी (ब्रह्मज्ञान) प्राप्त गर्नु नै मानव जीवनको अन्तिम लक्ष्य रहेको विश्वास राख्दछ ।'

ईश्वर प्राप्तिद्वारा नै विश्वभाइचारा सम्भव छ भन्ने मान्यता राख्ने यो संस्थाले सम्पूर्ण मानव जातिलाई एउटै परिवारको रूपमा व्याख्या गर्ने अध्यक्ष रावलको दाबी छ । चारवटा प्रदेशमा आयोजना हुन लागेको प्रादेशिक नारी सन्त समागममा आध्यात्मिक प्रवचन, भजन कीर्तन र नारी सशक्तीकरणका विविध विषयमा चर्चा हुने संस्थाका सचिव अनिल महर्जनले बताए । उनका अनुसार यस कार्यक्रमले समाजमा विद्यमान जाति, धर्म र नस्लका संकुचित घेराहरूलाई तोड्दै एउटै ईश्वरका सन्तानका रूपमा मानवतालाई जोड्ने लक्ष्य लिएको छ ।

नारी शक्तिको माध्यमबाट समाजमा शान्ति र एकताको सन्देश फैलाउने लक्ष्यका साथ सुदूरपश्चिम प्रदेश अन्तर्गत कैलालीको बौनियामा आयोजना हुने कार्यक्रममा मुख्य आकर्षणका रूपमा ब्रह्मज्ञान प्रचारक डा. रीता यादवको उपस्थिति हुने आयोजकले जानकारी दिएको छ । आध्यात्मीक विचारधाराको माध्यमबाट मानवमा संस्कारी र चरित्रवान् बनाउन पनि यो कार्यक्रमले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा राखिएको आयोजकको भनाइ छ ।

# सुरक्षा लापरवाही गर्ने सशस्त्रका गुल्मपतिसहितलाई मुख्यालय झिकाइयो

**काठमाडौं (प्रस)–** कैलालीको खक्रौलास्थित सशस्त्र प्रहरी बल नेपाल सीमा सुरक्षा गुल्मका गुल्मपति सशस्त्र प्रहरी नायब उपरीक्षक प्रदीप पौडेलसहितका कर्मचारीलाई काठमाडौंस्थित सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय झिकाइएको छ ।

यही चैत ४ गते भारतबाट अवैधरूपले ल्याउँदै गरेको सामान पक्राउको विषयलाई लिएर भएको घटनाबारे छानबिन र युनिट सुरक्षामा लापरवाही गरेको पाइएपछि कारबाहीका लागि उनीहरूलाई प्रधान कार्यालय झिकाइएको हो ।

उक्त घटनामा केही तस्कर समूह अनधिकृतरूपमा सशस्त्र प्रहरी बलको कार्यालयभित्र प्रवेश गरेर गुल्मपतिमाथि हातपातको प्रयास गर्दासमेत के कति कारणले बल प्रयोग नभएको र युनिट सुरक्षामा ध्यान नदिएको हो भन्ने विषयमा प्रधान कार्यालयले गम्भीररूपमा छानबिन सुरु गरेको सशस्त्रका प्रवक्ता विष्णुप्रसाद भट्टले जानकारी दिए ।

तस्कर समूह कार्यालयभित्र छिरेर हुलहुज्जत कसरी सिर्जना भयो भन्ने विषयमासमेत प्रधान कार्यालयको गम्भीर ध्यानाकर्षण भएको उनले बताए । तस्करी रोक्न विगतदेखि नै उत्कृष्ट कार्य गर्दै आएका सशस्त्र प्रहरी नायब उपरीक्षक पौडेलको सक्रियता प्रधान कार्यालयलाई जानकारी भए पनि युनिट सुरक्षामा भने आवश्यक ध्यान नपुऱ्याएको प्रधान कार्यालयको ठहर छ ।

यसअघि उक्त घटनाका विषयमा छानबिन गर्न सशस्त्र प्रहरी बल नेपाल नं ७ वैद्यनाथ बाहिनी मुख्यालय कैलालीले नं ४३ रिजर्भ गण वनवेहडा कैलालीका गणपति सशस्त्र प्रहरी उपरीक्षक अनिल कार्कीको अध्यक्षतामा छानबिन समिति गठन गरिएको छ । घटनालगत्तै घटनाको समयमा त्यहाँ उपस्थित रहेका सशस्त्र प्रहरी कर्मचारीलाई मुख्यालय तानिएको छ भने कार्यालयमा सशस्त्र प्रहरी बल नेपाल नं ३४ गण कैलालीबाट टोली बदली गरिएको छ । सशस्त्र प्रहरी बलले तस्करीविरुद्ध अभियान नै सञ्चालन गरिरहेकामा खक्रौलाबाट हुने तस्करीविरुद्ध विगतदेखि नै विशेष निगरानी गरिएको प्रधान कार्यालयले जानकारी दिएको छ ।

# मुस्लिम समुदायको पहिचान र सशक्तीकरणमा जोड

■ प्रभाव संवाददाता




**पाटन (ललितपुर)–** उपराष्ट्रपति रामसहायप्रसाद यादवले मुस्लिम समुदायको अधिकार, पहिचान र सशक्तीकरणमा अझ प्रभावकारी कार्यक्रम सञ्चालन आवश्यक रहेको बताएका छन् । मुस्लिम आयोगको सातौं स्थापना दिवसका अवसरमा शनिबार यहाँ आयोजित समारोहलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

उनले संविधानले सुनिश्चित गरेको समानता, न्याय र समावेशी संघीय लोकतान्त्रिक गणतन्त्रलाई मूर्तरूप दिन आयोगले शिक्षा, रोजगारी, महिला सशक्तीकरण, सामाजिक सद्भाव र सांस्कृतिक उत्थानका क्षेत्रमा उल्लेखनीय काम गरेको बताए । 'मुस्लिम समुदायले नेपालको इतिहास, संस्कृति, व्यापार, शिक्षा, कला र सामाजिक सद्भावमा पुऱ्याएको योगदान अमूल्य छ,' उपराष्ट्रपति यादवले भने, 'मुस्लिम आयोगले भविष्यमा अझ उज्ज्वल यात्राको संकल्प लिनुपर्ने आवश्यकता छ । त्यसका लागि मुस्लिम युवालाई गुणस्तरीय शिक्षा, निजामती सेवा, न्याय सेवा, सेना-प्रहरी तथा कूटनीतिक निकायमा जनसंख्याको आधारमा प्रतिनिधित्व सुनिश्चित गर्न विशेष कार्यक्रम सञ्चालन गर्नुपर्छ ।'

उनले मुस्लिम महिलालाई सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रमा अग्रणी भूमिका निर्वाह गर्न सक्षम बनाउने कार्यक्रमलाई निरन्तरता दिनुपर्ने आवश्यकता औंल्याए । 'नेपाल विविधता र सहअस्तित्वको सुन्दर बगैंचा हो, मुस्लिम समुदायले आफ्नो संस्कृति, परम्परा र विश्वासका फूलहरू फुलाउँदै साझा पहिचानलाई अझ सुगन्धित बनाएको छ,' उपराष्ट्रपति यादवले भने । उनले मुस्लिम आयोगले समुदायको अधिकार प्रवर्द्धन, क्षमता विकास तथा सशक्तीकरणका कार्यक्रमलाई अझ प्रभावकारी ढंगले कार्यान्वयन गरी सुखी, समृद्ध र आत्मनिर्भर समुदाय निर्माणमा अग्रणी भूमिका खेलोस् भन्ने शुभेच्छा व्यक्त गरे ।


**Sudurpaschim Province Government**

**Ministry of Physical Infrastructure Development**

## Transport Infrastructure Directorate

**Provincial and Local Road Improvement Program (PLRIP)**

## Provincial Project Management unit (PPMU)

**Dhangadhi, Kailali**

## Notice Regarding Opening of Financial Proposal

**Date of publication: 22nd March, 2026**

Pursuant to Rule 31Ja. Sub-rule (5) & (6) of Public Procurement Regulation, 2064 (with all amendments), this is to notify all concerned bidders that, with reference to the notices published on 15th December, 2025 & 26th December, 2025 in the "Nepal Samachar Patra" News Paper, the list of successful bidder in the Technical Proposal evaluation is provided below.

| SN | Contract ID No | Project Name | Name of Responsive Bidder |
|---|---|---|---|
| 1 | PLRIP/SUPA/KAI/ NCB/W/PM/01/082-83 | Periodic Maintenance of Bauniya-Joshipur-Bhajani Road, (22.9 Km) of Kailali District | 1. Indradhanu Nirman Sewa Pvt.Ltd, Baitadi<br>2. Dunila Construction, Dhangadhi 5, Kailali<br>3. Rajeshwari-N.S-Nirajan JV, Tikapur 1, Kailali<br>4. Bashuling-Society-Pandey JV, Lalitpur<br>5. Shanidev-Prithivi JV, Kailali |
| 2 | PLRIP/SUPA/KAN/ NCB/W/PM/06/082-83 | Periodic maintenance of Bani-Dekhatbhuli Road Maintenance Works Road (Ch 0+000 to Ch 6+310) | 1. GT- Uttam JV, Surkhet |
| 3 | PLRIP/SUPA/KAN/ NCB/W/PM/07/082-83 | Periodic maintenance of Redcross-Bagphata Road(4.674 Km), Kanchanpur District | 1. GT- Uttam JV, Surkhet |
| 4 | PLRIP/SUPA/KAN/ NCB/W/PM/08/082-83 | Periodic Maintenance of Jholungepul-Kutiyakavar Road (11.5 Km), Kanchanpur District | 1. GT- Uttam JV, Surkhet |

All bidders who qualified in the technical proposal are hereby notified to send their authorized representatives for the opening of the financial bids on 30th March, 2026 at 12:00 hours at PPMU, Kailali.

## Notice for Negotiation and Award of Consulting Service

**Date of publication: 22nd March, 2026**

Pursuant to Rule 81 Sub-rule (5) & (6) of Public Procurement Regulation, 2064 (with all amendments), this is to notify all concerned consultant that, with reference to the notices published on 1st December, 2025 in the "Saurya National Daily" News Paper, the list of successful consultant in the Financial Proposal evaluation is provided below.

| SN | Contract ID No | Project Name | Name of Successful Consultant | Bid Price (NRs.) including VAT |
|---|---|---|---|---|
| 1 | PLRIP/SUPA/ PPMU/EOI/CS/ IEE/01/082-83 | Consulting Services for preparation of Initial Environmental Examination (IEE) of Kamalbazar-Ghodasain-Dhakari Road Achham, Gokule-Nagaraun-Dilasaini-Dhamigaun-Haat Road Baitadi and Pankot Bridge-Pandes-Dungri-Chiuri-Lekhikhaula-Bhatkhola Road Masta, Bajhang | Api Point-GOEC-NESS JV, Babarmahal-11, Kathmandu | 10,17,000.00 |
| 2 | PLRIP/SUPA/ PPMU/EOI/CS/ DPR/02/082-83 | Consulting Services for preparation of Detailed Project Report (DPR) of Jhigrana-Ghangare-Kelabari Road (17 KM) Sayal RM, Doti & Gokuleshwor-Ritachautara-Malikhola-Ratamata Road (25KM) Lekam RM, Darchula | BDAnepal-PECC-Amlogia JV, Aloknagar, Kathmandu-31 | 8,83,264.50 |

Consultants whose financial proposals were found substantially responsive are hereby notified to send their authorized representatives for negotiation and agreement on 30th March 2026 at 12:00 hours at PPMU, Kailali

**Project Manager**

# प्रभाव दैनिक

आइतबार, ०८ चैत २०८२ (Sunday, 22 March 2026)


रूपशाला

### भक्तपुर फिल्म महोत्सव जारी

'भक्तपुर फिल्म महोत्सव' शुक्रबारदेखि सुरू भएको छ । नवीन सुब्बाको निर्देशनमा बनेको फिल्म 'गाउँ आएको बाटो' देखाउँदै महोत्सव सुरू भएको हो । महोत्सव भक्तपुरमा अवस्थित नेपाल भोकेस्नल एकेडेमीमा आयोजना भएको हो । भक्तपुरका युवा फिल्मकर्मीहरू किरण किलम्बु, सफल वैद्य, स्मित गिरी, विकेश प्रजापति, सक्षम केसी, प्रवीण टक्कीलगायतको समूहले यो महोत्सव आयोजना गरेको हो । चैत ७ सम्म आयोजना हुने यो महोत्सवमा २४ फिल्म देखाइनेछन् ।



## 'नारायण हरिहरी' भन्दै आइन् पुनम

**काठमाडौं (प्रस)**– नेपाली सांगीतिक क्षेत्रमा आफ्नो भविष्य खोज्दै संघर्ष या प्रतिस्पर्धा गर्न आउने अनुहारको उपस्थिति उल्लेख्य छ । डिजिटल प्लेटफर्म र टेलिभिजनमा प्रसारण हुने रियालिटी शोहरूका कारण पनि उनीहरूलाई आफ्नो प्रतिभा देखाउने माध्यम र प्लेटफर्म राम्रो बनेको छ ।

गायिका पुनम बस्याल भन्छिन्, 'मैले अनावश्यक तडकभडक छाडा र कसरी भाइरल या छिटो परिचय बन्छ भनेर त्यस्तो कहिल्यै सोचिनँ सधैं मौलिकताको बाटो पछ्याएँ यसैकारण म पछाडि परेँ । उसो त मलाई केही छिन भाइरल भएर यो क्षेत्रबाट हराउन मन थिएन मौलिकतालाई नै प्राथमिकता दिएर निरन्तर संगीत साधनामा लागीरहेँ ।' उनी थप्छिन्, 'मलाई बिपत्तै भाइरल हुनु र चर्चाको भोक कहिल्यै लागेन मेरो गीत सिर्जना सुन्ने जतिपनी दर्शक श्रोता हुनुहुन्छ मलाई माया गरिरहनु भएको छ मलाई यहि पर्याप्त छ ।'

हालसम्म करिब २ दर्जन गीतहरू रेकर्डिङ गरि आफ्नो आवाज दिएकी पुनम सानै उमेरदेखि गीतसंगीत भनेपछि हुरुक्क हुने गर्थिन् । स्कुले जीवन देखिनै मीठो गाउथिन् स्कुल का विभिन्न सांगीतिक कार्यक्रममा गीत गाएर पुरस्कार थाप्दाको खुशी अरुले दिएको हौसला अझै बिर्सिएकी छैनन् । उजेली, कुरा बुझिसके, सुनामी, चलाउ अभियान, नारायण लगायतका थुप्रै उनले सिर्जना र स्वर दिएका गीतहरूले नेपाली सांगीतिक बजारमा राम्रो चर्चा र लोकप्रियता कमाइसकेका छन् ।

उनले हालैमा धर्मेन्द्र अर्यालसँगको स्वरमा भजन




गीत नारायण हरिहरी सार्वजनिक गरेकी छिन् । गीतमा गणेश बस्यालले मुखडा तयार पारेका छन् भने मौलिक साधारण सम्पूर्ण उमेर समुहका भजन प्रेमिले मन पराउने र जनजिब्रोमा झुन्डिन सक्ने ओझिला शब्दलाई पुनमले कलेक्सन गरेकी छिन् ।

पूर्ण संयोगको म्युजिक एरेन्जमा तयार भएको यश भजनको म्युजिक भिडियोलाई राजु अर्यालले निर्देशन प्रबिण थापाले कोरियिग्राफ हरिस महराले छायांकन त्यसैगरी नवीन घर्ती मगरले सम्पादन गरेका छन् । भजनको म्युजिक भिडियोमा पुनम बस्याल, फ्रेन्सिय बस्याल, रेखा भट्टराई, शंकर शाही ठकुरी, प्रमिला गहतराज, साधना अर्याललगायतको अभिनय-नृत्य देख्न पाइने छ भने गीत पुनम बस्याल युटुब च्यानलबाट सार्वजनिक गरिएको छ ।

## निफले सक्यो प्रि–इभेन्टका कार्यक्रम

**काठमाडौं (प्रस)**– नवौं संस्करणको नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (निफ) का प्रि-इभेन्टका सम्पूर्ण कार्यक्रमहरू सम्पन्न भएका छन् ।

गैरीधारास्थित कान्तिपुर थिएटरमा शुक्रबार साँझ 'सर्ट फिल्म साँझ' शीर्षकको कार्यक्रम सम्पन्न भएसँगै निफको प्रि-इभेन्ट चरण पूरा भएको हो । यस कार्यक्रममा विभिन्न अन्तर्राष्ट्रिय चलचित्र महोत्सव र निफका अघिल्ला संस्करणमा पुरस्कृत सर्ट फिल्महरू 'जुलुङ्गो', 'बेयर ट्री इन द मिस्ट', 'जुन्को' र 'चिसो घर' देखाइएको थियो ।

सर्ट फिल्म हेरेपछि दर्शकले उठाएका प्रश्नहरूको जवाफ सम्बन्धित मेकरहरूले दिएका थिए । यसअघि निफले प्रि-इभेन्ट अन्तर्गत रहेर 'हर सिनेमा हर भ्वाइस' र 'द न्यू वेभ इन नेपाली सिनेमा' शीर्षकमा दुई अन्तर्क्रियात्मक कार्यक्रम गरेको थियो ।

निफको तयारी अब अन्तिम चरणमा पुगेको अध्यक्ष केपी पाठकले बताए । उनले भने, 'प्रि-इभेन्ट सफलतापूर्वक सम्पन्न भयो । अब चैत १९ गतेबाट सुरु हुने महोत्सवका लागि तयार छौं । लगभग सबै तयारी भइसक्यो । केही दिनमा निफको आधिकारिक सामाजिक सञ्जाल पेज र वेबसाइटमा निफमा हुने कार्यक्रमहरू सार्वजनिक हुनेछन् ।'

यस संस्करणमा पाँच दिने एआई फिल्म वर्कसप पनि समावेश गरिएको अध्यक्ष पाठकले जानकारी दिए । उनले वर्कसपबारे भने, 'प्रि-प्रोडक्सन, प्रोडक्सन र पोस्ट-प्रोडक्सनमा एआईको प्रयोग कसरी गर्ने भन्ने विषय उजागर गर्न पाँच दिने वर्कसप हुन्छ । फिल्म निर्माणमा उच्चतम एआईको प्रयोग गर्न सकिने विषयमा यो वर्कसप केन्द्रित हुन्छ । एआईको भविष्यबारे पनि त्यहाँ छलफल हुन्छ ।'

इच्छुक व्यक्तिहरूले चैत ११ (मार्च २५) सम्म आवेदन दिएर यस कार्यक्रममा सहभागी बन्न सक्नेछन्। त्यस्तै, निर्माताको खोजीमा रहेका लेखकहरूलाई मध्यनजर गरी निफले 'निफ फिचर पिच' शीर्षकको कार्यक्रम पनि समावेश गरेको छ ।


### Chame Rural Municipality
### Office of the Rural Municipal Executive
**Chame Manang**
**Gandaki Province, Nepal**

## Invitation for electronic Bids

**First date of publication: 22 March, 2026**

1. Chame Rural Municipality, Manang Invites the electronic bids only under e-procurement system from eligible bidders for construction of projects mentioned below under National Competitive bidding. All other information and Bid Documents can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp or may obtain at office. Interested eligible bidders are requeste submit E-Bid only as per instruction within the mentioned period.

| S.N | Name of Project | Contract ID | Cost of Bid Document (NRS) | Estimated Cost (NRS) Including VAT & PS | Bid Security Amount (NRS) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Construction of Thanchok Water Supply Project. | CRM-Works/ 06/082/083 | 3000.00 | 88,03,755.78 | 215000.00 | |
| **Last date of bid submission : 21 April, 2026** | | | | | | |

2. Information to Deposit the cost of bidding document and bid security in Bank.

| For Purchasing Bidding Document | Cash Deposit for Bid Security |
|---|---|
| Name of the Bank: Nepal Bank Ltd. Chame, Manang Nepal<br>Name of the Office: Chame Rural Municipality, Chame Manang Nepal<br>Office Code no: 801044001<br>Office Account no: Ga1.1(12803000001001000001)<br>Rajaswa (Revenue) Shrishak No: 14229 | Name of the Bank: Nepal Bank Ltd. Chame, Manang Nepal<br>Name of the Office: Chame Rural Municipality, Chame Manang Nepal<br>Office Code no: 801044001<br>Office Account no: 12803000003000000001 |

**Chief Administrative Officer**


रंगशाला

## शान्ति म्याराथन उपाधि आर्मीका रोकायलाई

■ **प्रभाव संवाददाता**

**लुम्बिनी**– लुम्बिनीमा आयोजित तेस्रो शान्ति म्याराथन प्रतियोगिताको उपाधि त्रिभुवन आर्मी क्लबका विनोद रोकायले हात पारेका छन् । उनले ४२ किलोमिटरको दुरी २ घन्टा १७ मिनेट ५५ सेकेन्डमा पूरा गरी उपाधि हात पारेका हुन् ।

नेपाल ओलम्पिक कमिटीको आयोजना तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, लुम्बिनी विकास कोष, नेपालस्थित चिनियाँ राजदूतावास र लुम्बिनी सांस्कृतिक नगरपालिकाको सहयोगमा सम्पन्न प्रतियोगितामा दोस्रो स्थान पनि त्रिभुवन आर्मी क्लबकै शुशिल कुमार शाहीले २ घन्टा १८ मिनेट १६ सेकेन्डमा दौड पूरा गरी हात पारेका छन् । तेस्रो स्थान आर्मीका धावक नरेन्द्र सिंह राउतले प्राप्त गरेका छन् ।

प्रतियोगिताको चौथो स्थान चिनियाँ धावक वाङ चीले २ घन्टा २१ मिनेट ५ सेकेन्डमा, पाँचौं स्थान केन्याका धावक जुलियस मुरेयुकी वाहमले २ घन्टा २३ मिनेटमा दौड पूरा गरी प्राप्त गरेका छन् ।

२१ किलोमिटर हाफ म्याराथनमा पहिलो स्थान त्रिभुवन आर्मीकी पुर्ण लक्ष्मी न्यौपानेले १ घन्टा १७ मिनेट १० सेकेन्डमा, दोस्रो स्थान धादिङकी सन्तोषी श्रेष्ठले १ घन्टा १८ मिनेट ४० सेकेन्डमा, तेस्रो स्थान आर्मीकी निशा सार्किले १ घन्टा १९ मिनेट १९ सेकेन्डमा हासिल गरेकी छन् । चौथो स्थान आर्मीकी सुनसरी रोकायाले १ घन्टा २१ मिनेट ४६ सेकेन्डमा, पाँचौं स्थान चिनियाँ धाविका रुवान सियाङले १ घन्टा २२ मिनेट ३८ सेकेन्डमा दौड पूरा गरेकी छन् । प्रतियोगिताका प्रथम हुनेलाई रु ३ लाख ५० हजार, दोस्रो हुनेलाई रु २ लाख ५० हजार र तेस्रो हुनेलाई रु १ लाख ५० हजार पुरस्कार प्रदान गरिएको थियो ।

त्यसअघि नेपालका लागि चीनका राजदूत चाङ माओमिङ, नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठ, लुम्बिनी विकास कोषका सदस्य सचिव दीपक श्रेष्ठ, लुम्बिनी सांस्कृतिक नगरपालिकाका कार्यवाहक प्रमुख कल्पना हरिजनलगायतले पाँच किलोमिटरको 'वाकथ्रु' कार्यक्रमको उद्घाटन गरेका थिए ।

## एसियन कप फुटबलको उपाधि जापानलाई

**काठमाडौं (प्रस)**– जापानले एएफसी महिला एसियन कप फुटबल प्रतियोगिताको उपाधि जितेको छ । शनिबार सिड्नीस्थित स्टेडियम अस्ट्रेलियामा भएको फाइनल खेलमा जापानले अस्ट्रेलियालाई १-० ले पराजित गर्दै उपाधि उचालेको हो ।

जापानको जितमा माइका हमानोले पहिलो हाफमै गरेको गोल निर्णायक बन्यो । २१ वर्षीया हमानो, जो हाल टोटेनह्याम हटस्पर महिला टोलीमा (चेल्सी महिला टोलीबाट ऋणमा) खेलिरहेकी छिन्, उनले खेलको १७औं मिनेटमा बायाँतर्फबाट आएको पासलाई पछाडि फर्केर नियन्त्रण गर्दै बक्स बाहिरबाट शक्तिशाली प्रहार गर्दै गोल गरिन् ।

खेलको अन्तिम १० मिनेटमा अस्ट्रेलियाले बराबरी गोलका लागि निरन्तर दबाब बनायो । तर जापानको मजबुत रक्षापंक्तिले सबै प्रयास विफल पार्‍यो । खेल सकिन दुई मिनेट बाँकी रहँदा अलाना केनेडीले गरेको नजिकको हेडर प्रहारसमेत जापानी रक्षाले रोकेको थियो । यसअघि पनि जापानले २०१४ र २०१८ मा फाइनलमा अस्ट्रेलियालाई हराउँदै उपाधि जितेको थियो । पछिल्ला चार संस्करणमध्ये तीन पटक उपाधि जित्दै जापानले एशियाली महिला फुटबलमा आफ्नो प्रभुत्व कायम राखेको छ ।

एशियाको शीर्ष वरीयतामा रहेको जापानले प्रतियोगिताभर ६ खेलमा मात्र एक गोल व्यहोरेको थियो । अस्ट्रेलिया भने २०१० पछि पहिलो पटक उपाधि जित्ने प्रयासमा असफल रह्यो । २०१० को फाइनलमा त्यतिबेला १६ वर्षीया साम केरले निर्णायक गोल गरेकी थिइन् । यस प्रतियोगिताबाट शीर्ष ६ टोलीले आगामी वर्ष ब्राजिलमा हुने फिफा महिला विश्वकपका लागि छनोट भएका छन् ।

१२ टोली सहभागी प्रतियोगितामा इरान महिला राष्ट्रिय फुटबल टोलीको सहभागिताले पनि अन्तर्राष्ट्रिय ध्यान तानेको थियो । टोली फेब्रुअरी २८ अघि नै अस्ट्रेलिया पुगेको थियो, त्यसपछि सुरु भएको मध्यपूर्वीय द्वन्द्वका कारण परिस्थिति थप संवेदनशील बनेको थियो । इरानी टोलीका सात सदस्यले सुरुमा अस्ट्रेलियामा शरण मागेका थिए, तर पछि दुई जना बाहेक सबै स्वदेश फर्किएको बताइएको छ ।


### Nepal Water Supply Corporation
**Branch Office**
**Kalaiya, Bara**

## Invitation for Bids

**Date of Publication : 2082-12-08 (2026-03-22)**

Nepal Water Supply Corporation (NWSC), Kalaiya Office, invites only e-bidding as listed below: Details of work and qualification requirements.

| S. N. | Contract Number | Contract Name | Estimated Cost (Including Vat) | Bid Security Amount (NRs) | Price of Bidding Document (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | NWSC-KLY-07-2082/083 | Laying and Supply Works at Hanuman Mandir Audhapur -2 To Jhitkaiya Road Way Kalaiya-16, Bara in Kalaiya Sub-Metropolitan City | 34,61,718.25 | 76,000.00 | 3,000.00 | |

**Details:**

1.Account number for Bid security/Fee: - Nabil Bank Ltd, Kalaiya, Branch
2.Account No: - 25801017500251
3.Account Name: - Nepal water supply corporation, Kalaiya
4.Date of Publication :2082-12-08(22-03-2026)
5.Last date of Bid submission: - 2083-01-09(22-04-2026) 12:00 hr.
6.Date of Bid opening: - 2083-01-09(22-04-2026) 14:00 hr.
7.Note: for Further Details Downloading of tender documents, please visit www.bolpatra.gov.np/egp and feel free to contract 9855049428 with in office hour.

**Branch Manager**

## ईद उल फित्रको उत्सव













१) पाकिस्तानको कराँचीस्थित एक मस्जिदमा ईद उल फित्रको नमाज पढ्दै मुस्लिम भक्तजनहरु, यो रमजानको इस्लामिक पवित्र उपवास महिनाको अन्त्य हो ।
२) भारतको हैदराबादस्थित एक मस्जिद बाहिर ईद उल फित्रको नमाज पढदै मुस्लिम भक्तजनहरु ।
३) इजिप्टको कायरोमा ईद उल फित्र मनाउँदै मानिसहरु ।
४) इरानको राजधानी तेहरानस्थित इमाम खोमेनी ग्राण्ड मस्जिदमा रमजानको पवित्र उपवास महिनाको अन्त्यको अवसरमा ईद उल फित्रको नमाज पढ्दै इरानी उपासकहरु ।

*तस्बिरः एएफपी/एपी/सिन्ह्वा*

# मध्यपूर्व सैनिक थप्दै अमेरिका



**दुबई–** मध्यपूर्वमा तीन हप्तादेखि बढ्दो युद्धको बीचमा इरानले आफ्नो आक्रमणलाई विश्वव्यापी पर्यटन र मनोरञ्जनस्थलमा फैलाउने धम्की दिएको छ । त्यसैबीच, अमेरिकाले यस क्षेत्रमा थप युद्धपोत र सैनिक पठाउने घोषणा गरेको छ ।

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले सामाजिक सञ्जालमा उनको प्रशासन यस क्षेत्रको सैन्य अभियानलाई क्रमशः घटाउने विकल्पमा विचार गरिरहेको बताएका छन् । तेलको मूल्यमा वृद्धि र अमेरिकी सेयर बजारमा गिरावट आएपछि यस्तो मिश्रित सन्देश आएको हो । यसैबीच, इजरायलमा इरानले शनिबार बिहान पुनः मिसाइल आक्रमण गरेको छ भने साउदी अरेबियाले केही घण्टाभित्रै २० ड्रोन निश्क्रिय पारिएको जनाएको छ । त्यस क्षेत्रमा मुख्य तेल प्रतिष्ठानहरू रहेका छन् । कुनै मानवीय क्षति वा संरचनागत हानि भने भएको छैन ।

इरानले आक्रमणलाई बढाउँदै आफ्नो खाडी छिमेकीमा असर पुऱ्याइरहेको छ, जबकि हर्मुज जलमार्गमा व्यापार नियन्त्रण जारी राखेको छ । यो मार्ग विश्वको तेल र अन्य महत्त्वपूर्ण वस्तुहरूको लगभग पाँचौं हिस्सा बोक्ने मार्ग हो । इरानी सर्वोच्च नेता मोज्तबा खामेनीले नवरोज पर्वको अवसरमा राष्ट्रलाई सम्बोधन गर्दै अमेरिकी र इजरायली आक्रमणहरू असफल भएको बताए । उनले इरानी जनताको दृढतामा प्रशंसा गरे ।

इरानी सेनाका उच्च अधिकारीहरूले 'विश्वका पार्क, मनोरञ्जन क्षेत्र र पर्यटन स्थलहरू' देशका शत्रुका लागि सुरक्षित नहुने चेतावनी दिएका छन् । यसले इरानले मध्यपूर्व बाहिर पनि आक्रमण गर्ने सम्भावना कायम राखेको देखाउँछ ।

अमेरिकाले इरानी तेलमा केही प्रतिबन्ध हटाउने घोषणा पनि गरेको छ, जसले मूल्य नियन्त्रण गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ । तर उत्पादनमा वृद्धि नभएपछि तेलको आपूर्ति र मूल्यमा ठूलो असर नपर्ने देखिन्छ । युद्धमा हालसम्म इरानमा एक हजार ३०० भन्दा बढी, इजरायलमा १५ र वेस्ट बैंकमा चार नागरिकको मृत्यु भएको छ । अमेरिकी सेनाका कम्तीमा १३ सदस्यको पनि मृत्यु भएको छ । यसअघि ट्रम्पले शुक्रबार संयुक्त राज्य अमेरिका इरानमाथि जारी सैन्य आक्रमण क्रमशः घटाउने विकल्पमा विचार गरिरहेको बताएका थिए । ट्रम्पले सामाजिक सञ्जालमा भने, 'हामी हाम्रो उद्देश्य पूरा गर्न निकै नजिक पुगेका छौं र मध्यपूर्वमा जारी हाम्रो महान सैन्य प्रयासलाई क्रमशः घटाउने विचार गरिरहेका छौं ।'

ट्रम्पले प्रस्तुत गरेको उद्देश्यहरूमा इरानको मिसाइल क्षमतामा क्षति पुऱ्याउने, रक्षा उद्योग ध्वस्त पार्ने, नौसेना र वायुसेना नष्ट गर्ने, परमाणु क्षमता प्राप्त गर्नबाट रोक्ने र क्षेत्रका अमेरिकी सहयोगीहरूलाई सुरक्षा प्रदान गर्ने समावेश छ । तर ट्रम्पले शान्ति सम्झौता चाहँदैनन् भने पनि संवादको विकल्प खुला राखेका छन् । उनले पत्रकारहरूसँग भने, 'तपाईं शान्ति सम्झौतामा जान सक्नुहुन्छ, तर म शान्ति सम्झौता गर्न चाहन्नँ । जब तपाईं अर्कोपक्षलाई पूर्णरूपमा नष्ट गर्दै हुनुहुन्छ, तब यो सम्भव हुँदैन ।'

ट्रम्पले इरानको नौसेना र वायुसेना ध्वस्त भइसकेको र उनका नेता सबै स्तरमा मारिएका बताए । हर्मुज जलमार्ग सम्बन्धमा ट्रम्पले यसलाई प्रयोग गर्ने देशहरूले सुरक्षा सुनिश्चित गर्नुपर्ने र अमेरिका आवश्यक परे सहयोग गर्ने बताए ।

### बेलायतको सैन्य सहयोग

बेलायतले संयुक्त राज्य अमेरिकालाई हर्मुज क्षेत्रमा हुने आक्रमणका लागि आफ्ना सैन्य अड्डाहरू प्रयोग गर्न अनुमति दिएको छ । यसबारे डाउनिङ स्ट्रिटले शुक्रबार सार्वजनिक गरेको वक्तव्यमा जानकारी दिएको हो ।

वक्तव्यअनुसार हर्मुज क्षेत्रमा जहाजहरूलाई लक्षित गरी भइरहेका आक्रमणमा प्रयोग भएका मिसाइल स्थल र क्षमताहरू कमजोर बनाउन यस्तो कदम चालिएको हो । साथै बेलायतले अन्तर्राष्ट्रिय साझेदारहरूसँग मिलेर उक्त क्षेत्रमा अन्तर्राष्ट्रिय जल यातायात सुरक्षित गर्ने योजना बनाइरहेको जनाएको छ ।

यद्यपि, बेलायतले आफू 'ठूलो द्वन्द्वमा तानिन नचाहेको' स्पष्ट पारेको छ । यसैबीच, इरानका विदेशमन्त्री सैयद अब्बास अराघचीले शुक्रबार बेलायती समकक्षीलाई चेतावनी दिँदै अमेरिका र इजरायलको इरानविरुद्धको आक्रमणमा सहयोग नगर्न आग्रह गरेका छन् । उनले यस्तो सहयोगले क्षेत्रीय तनाव थप चर्काउने बताए ।

गत फेब्रुअरी २८ मा इजरायल र संयुक्त राज्य अमेरिकाले संयुक्तरूपमा तेहरानसहित इरानका विभिन्न सहरहरूमा आक्रमण गरेका थिए । उक्त आक्रमणमा अली खामेनीसहित उच्च सैन्य अधिकारी र सर्वसाधारणको मृत्यु भएको थियो । त्यसपछि इरानले जवाफस्वरूप इजरायल र मध्यपूर्व क्षेत्रमा रहेका अमेरिकी सैन्य अड्डाहरूलाई लक्षित गर्दै मिसाइल तथा ड्रोन आक्रमणहरू गरेको जनाएको छ । *एपी/सिन्ह्वा*

# नासाको 'ओरियन' रकेट पुनः प्रक्षेपणस्थलमा

**लस एञ्जलस–** नासाले आफ्नो आगामी चन्द्र अभियानका लागि 'स्पेस लञ्च सिस्टम' (एसएलएस) र 'ओरियन' अन्तरिक्ष यानलाई पुनः प्रक्षेपणस्थलमा ल्याएको छ ।

यी दुवै संरचना केनेडी स्पेस सेन्टर, फ्लोरिडामा रहेको भेहिकल एसेम्बली बिल्डिङबाट करिब ६.४ किलोमिटर दूरी तय गर्दै प्रक्षेपणस्थलसम्म पुऱ्याइएको हो । शुक्रबार बिहान १२:२० बजे (स्थानीय समय) यात्रा सुरु भएको यो प्रक्रिया करिब ११ घण्टापछि सम्पन्न भएको थियो ।



नासाका टोलीहरू अहिले अन्तिम चरणको प्रक्षेपण तयारीमा जुटेका छन् । आगामी आर्टेमिस २ मिसनको प्रक्षेपण अप्रिल १ देखि अप्रिल ६ सम्म रहने तय गरिएको छ । यसअघि फेब्रुअरी २१ मा गरिएको 'वेट ड्रेस रिहर्सल' (अन्तिम परीक्षण) क्रममा रकेटको माथिल्लो भागमा हिलियम प्रवाह हुन नदिने समस्या देखिएको थियो । त्यसपछि मर्मतका लागि रकेट र अन्तरिक्ष यानलाई पुनः एसेम्बली भवनमा फर्काइएको थियो ।

मर्मतका क्रममा इन्जिनियरहरूले विभिन्न प्रणालीहरू पुनः परीक्षण तथा अद्यावधिक गरेका छन् । यसमा नयाँ फ्लाइट टर्मिनेसन सिस्टम ब्याट्री सक्रिय पार्ने, विभिन्न चरणका ब्याट्रीहरू परिवर्तन गर्ने तथा ओरियनको लञ्च एबोर्ट सिस्टमका ब्याट्री चार्ज गर्ने काम गरिएको छ ।

यसका साथै, मुख्य चरणको तरल अक्सिजन लाइनको सिल परिवर्तन गरिएको छ र अक्सिजन आपूर्ति प्रणाली पुनः जडान गरी परीक्षण गरिएको नासाले जनाएको छ । आर्टेमिस २ मिशनअन्तर्गत चार अन्तरिक्षयात्रीलाई करिब १० दिनको यात्रामा चन्द्रमाको परिक्रमा गराएर पुनः पृथ्वीमा फर्काइने छ । यसमा रिड वाइसम्यान, भिक्टर ग्लोभर, क्रिस्टिना कोच र जेरेमी हयान्सन सहभागी रहने छन् । *रासस/सिन्ह्वा*

# संयुक्त राष्ट्रसंघ मध्यपूर्वमा तनाव कम गर्ने प्रयासको समर्थन गर्न तयार

**न्युयोर्क–** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले मध्यपूर्वमा तनाव कम गर्न र होर्मुजको जलक्षेत्रको सुरक्षा सुनिश्चित गर्ने हरेक प्रयासमा संयुक्त राष्ट्रसंघ सहयोग गर्न तयार रहेको बताएका छन् ।

उनले संयुक्त राष्ट्रसंघले यस अघि 'ब्ल्याक सी' मा सुरक्षा सुनिश्चित गरी अवस्था सहज बनाउन महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गर्दै यसको परिणमस्वरूप सन् २०२२ जुलाईमा सुरु हुने मानवीय कोरिडोरमार्फत युक्रेनी निर्यातलाई सक्षम बनाएको जनाएका छन् ।

गुटेरेसले हर्मुजको जलक्षेत्रमा सहज निर्यातको अवस्था सिर्जना गर्ने मुख्य उद्देश्यका साथ संयुक्त राष्ट्रसंघले हाल खाडीका प्रमुख निकायका साथै युरोपेली परिषद्सँग समन्वय गरिरहेको बताएका छन् । उनले यस सन्दर्भमा संयुक्त राष्ट्र सहयोग गर्न इच्छुक र तत्पर रहेको जनाउँदै यस्ता प्रयासहरू व्यवस्थापन गर्न संयुक्त राज्य अमेरिका र अन्य साझेदारहरूसँगको प्रत्यक्ष सहकार्यमा सक्रिय रहने उल्लेख गरेका छन् । *रासस/क्युएनए*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९४५०० | प्रति तोला – ० | प्रति तोला – ४८९५ |



रैथाने कृषि बजार | काठमाडौँ महानगरपालिका–२६ स्थित गोंगबु आवास क्षेत्रमा हरेक शनिबार रैथाने एग्रि पडक्टस नेपाल प्रालिले सञ्चालन गरिने रैथाने कृषि बजारमा विभिन्न सामाग्री किनमेल गर्दै सर्वसाधारण । *तस्बिर : हरिराम भेटुवाल/रासस*

# प्रदेश र स्थानीय तहलाई समानीकरण अनुदान छुट्याउन सिफारिस

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आगामी आर्थिक वर्षका लागि प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान शीर्षकमा रु एक खर्ब ५१ अर्ब ७० करोड ७८ लाख बराबर अनुदान छुट्याउन सरकारसमक्ष सिफारिस गरेको छ ।

आयोगले वित्तीय समानीकरण अनुदानको रकम प्रदेश सरकारको हकमा रु ६१ अर्ब ५० करोड ३२ लाख र स्थानीय सरकारलाई रु ९० अर्ब २० करोड ४६ लाख बराबर उपलब्ध गराउन सिफारिस गरेको हो ।

संघीय सरकारले प्रदेश र स्थानीय सरकारलाई उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानका लागि आयोगले नेपालको संविधान २०७२ को धारा ६०, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को व्यवस्थाअनुसार सिफारिस गर्दै आएको छ ।

आयोगले यसरी वित्तीय समानीकरण अनुदानका लागि सिफारिस गर्दा न्यूनतम अनुदान, सूत्रमा आधारित अनुदान र कार्यसम्पादन मूल्यांकनमा आधारित अनुदानका वर्गीकरण गर्ने गरेको छ । आगामी आर्थिक वर्षका लागि प्रदेश सरकारले प्राप्त गर्ने न्यूनतम वित्तीय समानीकरण अनुदान रु १५ अर्ब ३७ करोड ५८ लाख निर्धारण गरिएको छ । जुन प्रदेश सरकारले पाउने वित्तीय समानीकरण अनुदानको २५ प्रतिशत हुन आउँछ । जनसंख्या र क्षेत्रफललाई समान ५०/५० प्रतिशत भार दिई प्रदेशले पाउने

> “राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आगामी आर्थिक वर्षका लागि प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान शीर्षकमा रू एक खर्ब ५१ अर्ब ७० करोड ७८ लाख बराबर अनुदान छुट्याउन सरकारसमक्ष सिफारिस गरेको छ ।

न्यूनतम अनुदानको हिस्सा निर्धारण गरिएको पनि आयोगले जनाएको छ । आगामी आर्थिक वर्षका लागि न्यूनतम अनुदान शीर्षकमा कोशी प्रदेशका लागि रु दुई अर्ब ८२ करोड ६४ लाख, मधेशका लागि रु एक अर्ब ९० करोड ६० लाख, बागमतीका लागि रु दुई अर्ब ७५ करोड ४२ लाख र गण्डकीका लागि रु एक अर्ब ८२ करोड २७ लाख बराबर सिफारिस गरिएको छ । त्यस्तै, लुम्बिनीका लागि रु दुई अर्ब ४६ करोड ५७ लाख, कर्णालीका लागि रु एक अर्ब ७८ करोड ७४ लाख र सुदूरपश्चिम प्रदेशका लागि रु एक अर्ब ८१ करोड ३४ लाख बराबर सिफारिस गरिएको छ ।

आगामी आर्थिक वर्षका लागि स्थानीय तहले प्राप्त गर्ने न्यूनतम समानीकरण अनुदान रु ३० अर्ब ८३ करोड निर्धारण गरिएको पनि आयोगले जनाएको छ । जुन स्थानीय सरकारले पाउने कुल वित्तीय समानीकरण अनुदानको ३४ दशमलव १८ प्रतिशत हुन आउँछ ।

सूत्रमा आधारित वित्तीय समानीकरण अनुदानका लागि विभिन्न आधार तथा सूचकहरू तयार पारी त्यसको भार निर्धारण गरिएको आयोगको सिफारिसमा उल्लेख छ । जसमा मानव विकास सुचकांकको १०, आर्थिक सामाजिक असमानताको ५, पूर्वाधार विकासको अवस्थालाई १५ र खर्चको आवश्यकता तथा राजस्व उठाउन सक्ने क्षमतालाई ७० प्रतिशत भार छुट्याइएको छ ।

न्यूनतम अनुदान, सूत्रमा आधारित अनुदान र कार्यसम्पादन मूल्यांकनमा आधारित अनुदानको छुट्टाछुट्टै गणनी गरी कुल वित्तीय समानीकरण अनुदान निर्धारण गरिएको छ । यी तीनवटै शीर्षकको कुल अनुदानको रकम रु सात करोड भन्दा कम भएका स्थानीय सरकारलाई भने महानगरपालिकाहरूको सूत्रवापतको रकम कट्टा गरी थप गर्न पनि आयोगले सिफारिस गरेको छ । ‘चालीस वटा स्थानीय सरकारले न्यूनतम अनुदान र सुत्रमा आधारित अनुदानबाट रु सात करोडभन्दा कम रकम पाउने देखिएको छ । अनुदान रकमले स्थानीय सरकारहरूको संविधान प्रदत्त  जिम्मेवारी न्यूनतम रूपमा पूरा गर्न पर्याप्त नहुने ठहर गरी प्रत्येक स्थानीय सरकारहरूलाई न्यूनतम अनुदान र सूत्रमा आधारित अनुदान गरी कम्तीमा रु सात करोड प्राप्त हुनेगरी स्थानीय सरकारहरूको आन्तरिक राजस्वको अवस्थासमेतको आधारमा महानगरपालिकाहरूको सूत्र बापतको रकममा करिब १० दशमलव ८० प्रतिशतले कट्टागरी उक्त रकम त्यस्ता ४० वटा स्थानीय सरकारको अनुदानमा थप गर्नुपर्नेछ’, आयोगको सिफारिसमा भनिएको छ ।

# नेटवर्क समस्या समाधानका लागि जंगलमा टेलिकमको टावर

■ प्रभाव संवाददाता

**त्रिवेणी –** मुख्य राजमार्ग क्षेत्रमा यात्रा गर्दा मोबाइल नेटवर्क नटिप्ने समस्याका कारण यात्रुले सास्ती भोग्दै आएको अवस्थामा समाधानका लागि नवलपुरको जंगल क्षेत्रमा टेलिकमको टावर निर्माण गरिएको छ ।

पूर्व-पश्चिम राजमार्गअन्तर्गत नवलपुरको अरुणखोला-दुम्किबासबीचको जंगल क्षेत्रमा टेलिकमको टावर निर्माण गरिएको नेपाल टेलिकम कावासोती शाखाका प्रमुख निरोज घिमिरेले जानकारी दिए । उक्त क्षेत्रमा टावर जडान भएपछि अहिले नेटवर्क समस्या समाधान भएको उनले बताए । टावर सञ्चालनमा आएपछि त्यहाँ टुजी र फोरजी सेवा सहज रूपमा उपलब्ध भएको पनि उनले जानकारी दिए ।

मुख्य राजमार्गमा मोबाइल नेटवर्क नहुँदा कहिलेकाहीँ विपद् पर्दा सञ्चार अभावका कारण उद्धार कार्यमा ढिलाइ हुने समस्या देखिएपछि जिल्ला विपद् व्यवस्थापन समितिले यसअघि नै राजमार्ग क्षेत्रमा नेटवर्क विस्तार गर्न सुझाव दिएको थियो ।

नवलपुरको चोरमारा-अरुणखोला र डण्डा-अरुणखोला खण्डको राजमार्गस्थित जंगल क्षेत्रमा समेत नेटवर्क समस्या रहेकाले ती स्थानलाई पनि टावर जडानका लागि प्राथमिकतामा राखिएको प्रमुख घिमिरेले बताए ।

नेपाल टेलिकमले कालीगण्डकी करिडोर र जिल्लाका पहाडी क्षेत्रलाई समेत लक्षित गरी टावर निर्माणलाई प्राथमिकता दिएको उनले जानकारी दिए । यसअन्तर्गत बुलिङटारको बोझापोखरीमा टावर निर्माण कार्य सम्पन्न भइसकेको छ र केही दिनमै सञ्चालनमा आउने तयारी रहेको छ । यस्तै, बुलिङटारकै थामबेँसीमा टावर निर्माणका लागि ठेक्का सम्झौता भई काम सुरु भइसकेको उनले बताए ।

‘पहाडी क्षेत्रमा नेटवर्कको समस्या रहेकाले त्यसको समाधानका लागि कार्यालयको योजनाअनुसार चाँडै बोझापोखरीमा टावर सञ्चालनमा आउँदै छ, अर्को स्थानमा निर्माण कार्य सुरु भइसकेको छ’, प्रमुख घिमिरेले भने ।

जिल्लाको पहाडी क्षेत्र विनयी त्रिवेणीको धुरकोटमा पनि टावर निर्माणका लागि अनुमति प्राप्त भइसकेको छ भने हुप्सेकोटको चारघरेमा सर्वेक्षण कार्य सम्पन्न भई अनुमति प्रक्रियामा रहेको उनले जानकारी दिए ।

त्यस्तै, पर्यटकीय क्षेत्र अमलटारीमा नेटवर्क समस्या रहेको गुनासो आएपछि त्यहाँ पनि टावर निर्माणका लागि अनुमति प्राप्त भएको र चाँडै निर्माण कार्य सुरु हुने बताइएको छ । पर्यटकीय क्षेत्रका रूपमा विकास भएका ठाउँ भएकाले समेत पर्यटकलाई समस्या नहोस् भनेर यहाँ टावर निर्माणको अनुमति आएको उनले बताए ।

नेटवर्क सुधारका लागि यसअघि सौर्य ऊर्जाबाट सञ्चालनमा रहेका टावरमा विद्युत् आपूर्ति पुऱ्याउने काम पनि भइरहेको छ । सौर्य प्रणालीमा निर्भर हुँदा जाडो मौसम वा घाम नलाग्दा नेटवर्कमा समस्या आउने भएकाले नियमित र सहज सेवा सुनिश्चित गर्न विद्युत् जडानको काम अगाडि बढाइएको कार्यालय प्रमुख घिमिरेले बताए ।

# झापाको कचनकवलमा मखनाखेती

**झापा (प्रस)–** मुलुकको होचो स्थानका रूपमा चिनिने झापाको कचनकवल गाउँपालिकामा पहिलोपटक व्यावसायिक रूपमा मखना (फक्स नट) खेती गर्ने तयारी भएको छ । कचनकवल-४ स्थित प्रसिद्ध पर्यटकीय क्षेत्र कचनकवल स्तम्भ आसपासको सिमसार क्षेत्रलाई सदुपयोग गर्दै स्थानीय किसानले मखनाखेतीको तयारी गरेका हुन् ।

गाउँपालिकाका उपाध्यक्ष नवराज भट्टराईका अनुसार कचनकवल र छिमेकी झापा गाउँपालिकाका किसान संगठित भएर पहिलो चरणमा करिब २५ बिघा जमिनमा मखनाखेती लगाउँदैछन् । अर्को वर्षदेखि १५० बिघाभन्दा बढी क्षेत्रफलमा खेती विस्तार गर्ने तयारी गरिरहेको उनले जानकारी दिए । ‘यसको बजार अवस्था र उत्पादन तथा बिक्रीवितरणबारे हामीलाई पनि जानकारी छैन’, उनले भने, ‘किसानले ठूलो योजनाका साथ खेती लगाउँदै हुनुहुन्छ, जिल्लामै यसको पहिलोपटक खेती गर्न लागिएको हो ।’ ‘स्थानीय विनोदकुमार गणेशसहित अगुवा किसानले बाँझो र दलदले सिमसार जमिनलाई भाडामा लिएर यसको व्यावसायिक खेती गर्ने बीउ उत्पादन गरिरहेका छन्’, उपाध्यक्ष भट्टराईले भने ।



यसको रोपन वैशाख र जेठ महिनाभित्र गरिने उनले जानकारी दिए ।

परम्परागत खेतीभन्दा भिन्न हुनुका साथै विशेषगरी पानी जम्ने सिमसार क्षेत्रमा फस्टाउने मखनाका लागि कचनकवलको भूगोल निकै उपयुक्त मानिएको गाउँपालिकाको कृषि शाखाले जनाएको छ । कृषि शाखाका प्रमुख संगम सापकोटाका अनुसार प्रशस्त पानी चाहिने यस खेतीका लागि यहाँको ओसिलो जमिन प्राकृतिक रूपमा वरदान सावित भएको छ ।

विगतमा छिमेकी मुलुक भारतको विहार र आसपासका क्षेत्रमा मात्र सीमित रहेको यो खेती नेपालमा व्यावसायिक रूपमा सुरु हुनुलाई कृषि क्षेत्रको ठूलो उपलब्धिका रूपमा लिइएको उनको भनाइ छ । कृषि शाखाले यस खेतीको प्राविधिक पक्ष र सम्भाव्यताको अनुगमन गर्ने तयारी गरिरहेको छ ।

# ‘नयाँ सरकारले झन्झटिला समस्या समाधान गरोस्’

■ दामोदर खनाल

**रूपन्देही–** रूपन्देहीमा आयोजित एक कार्यक्रममा उद्योगी व्यवसायीहरूले अब बन्ने नयाँ शक्तिशाली  सरकारले उद्योगी व्यवसायीको समस्या समाधानमा ध्यान दिनेमा आशा जगाएको बताएका छन् ।





तिलोत्तमा उद्योग वाणिज्य संघ, रूपन्देहीको १२ औं बार्षिक साधारणसभाको उद्घाटन गर्दै नेपाल उद्योग बाणिज्य महासंघका वरिस्ठ उपाध्यक्षमा अन्जन श्रेष्ठले अब बन्ने पूर्ण बहुमतको सरकारले आफ्नो घोषणापत्रमा उल्लेख गरेको प्रतिबद्वताहरू अनुसार काम गर्न सके उद्योगी ब्यवसायीले भोग्नु परेका धेरै समस्या समाधान हुने वताए ।

अध्यक्ष श्रेष्ठले नयाँ बन्ने सरकारले आफ्नो घोषणापत्रमा उल्लेख गरे अनुसार सरकारले कर घटाउने र उद्योगी व्यवसायीका अप्ठेरा समस्या माधानमा ध्यान दिने बिश्वास लिएको वताउदै भने यो शक्तिशाली सरकारले चाहेमा धेरै काम गर्न सक्ने भएकोले धेरै आशा जगाएकमे छ । उनले स्थानीय सरकार र केन्द्रीय सरकारको तालमेल नमिल्दा उद्योगी व्यवसायीले धेरै समस्या भाग्नु परेको पनि बताए ।

नेपाल उद्योग बाणिज्य महासंघ लुम्बिनी प्रदेश अध्यक्ष कृष्णप्रसाद शर्माले उद्योगी व्यवसायीका थुप्रै समस्या रहेकोले  उद्योगी व्यवसायी स्थानिय र संघीय सरकार संग मिलेर अगाडि बढ्न आवश्यक रहेको चर्चा गरे । उनले विगतमा धेरै सरकार परिवर्तन भएपनि उद्योगी व्यवसायीका समस्या जस्ताको तस्तै रहेको गुनासो पोख्दै भैरहवामा स्थापनाभएको गौतम बुद्व अन्तर्राष्ट्रिय विमानस्थल नियमित संचालन विना यश क्षेत्रको आर्थिक र पर्यटन विकास सम्भव नरहेको बताउदै त्यसतर्फ नया सरकारको ध्यानजान आवश्यक रहेको पनि वताए  ।

तिलोत्तमा उद्योग वाणिज्य संघका अध्यक्ष ज्ञानेन्द्र कार्कीले संस्थामा भए गरेका गतिबिधिवारे जानकारी गराउँदै संस्था जेन्जी आन्दोलनको मारमा परेको गुनासो पोखे । तिलोत्तमा नगरपालिकाका मेयर रामकृष्ण खाँडले सरकारी नीति नियम र प्रहरीका कतिपय कार्यशैली विकासको बाधक रहेको गुनासो पोखे ।

कार्यक्रमका बक्ताहरूले उद्योगी व्यवसायीले धेरै चुनौतीका बाबजुद अगाडि बढ्न परेको गुनासो पोखे । उनीहरूले अर्थतन्त्रमा महत्वपूर्ण भुमिका खेल्दै आएकोले उद्योग मैत्री वातावरण हुन आवश्यक रहेको विचार व्यक्त गरे । उनीहरूले युद्धको असर नेपालमा पनि परिसकेकोले सरकार र निजि क्षेत्र मिलेर अगाडि बढ्न आवश्यक रहेको समेत वताएका छन् ।

# नेपाल पर्यटक यातायात व्यवसायी संघ गण्डकीमा नयाँ नेतृत्व

■ प्रभाव संवाददाता

**गण्डकी–** नेपाल पर्यटक यातायात व्यवसायी संघ(एनटिभिए) गण्डकी प्रदेशको सातौं वार्षिक साधारणसभा तथा चौथो खधिवेशनले रविप्रसाद आचार्यको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत निर्वाचित गरेको छ ।

अधिवेशनले संघको प्रथम उपाध्यक्षमा विकासप्रसाद कंडेल, द्वितीय उपाध्यक्षमा भुवानीप्रसाद अधिकारी, महासचिवमा श्यामप्रसाद लामिछाने, सचिवमा शोभाखर तिवारी, कोषाध्यक्षमा सुमन कुँवर र सह कोषाध्यक्षमा संगीता अधिकारी आचार्यलाई निर्वाचित गरेको छ । त्यस्तै समितिको सदस्यहरूमा आनन्दराज अधिकारी, रविन्द्र कुँवर, मित्रलाल अधिकारी, प्रतिक लामिछाने र सुरज सापकोटा रहेका छन् ।

अधिवेशनका लागि बरिष्ठ अधिवक्ता कृष्णबहादुर थापाको संयोजकत्वमा संघका केन्द्रीय अध्यक्ष भीमबहादुर गोले तामाङ, मदन शर्मा, सोमबहादुर थापा, महेश सापकोटा, बोबरजंग गुरुङ, बाबुराम पाण्डे रहेको निर्वाचन समिति गठन गरिएको थियो ।

नवनिर्वाचित कार्यसमितिका पदाधिकारीलाई निर्वाचन समितिका पदाधिकारी सहित निवर्तमान अध्यक्ष दुर्गादत्त दाहाल, पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछाने, संघका केन्द्रीय महासचिव भरत तिमल्सिना लगायतले खादा तथा माला लगाएर बधाई तथा शुभकामना व्यक्त गरेका थिए ।

कार्यक्रममा नवनिर्वाचित अध्यक्ष रविप्रसाद आचार्यले पर्यटक यातायात सेवालाई गुणस्तरीय बनाउँदै हरियो नम्बर प्लेटको महिमा र गरिमालाई कायम गराउने कुरामा आँफूहरू निरन्तर लाग्ने विश्वास व्यक्त गरे ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१–४३७३५७७, ०१–४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ